# अध्याय एक

# शोधपरिचय

## १.१ अध्ययनको पृष्ठभूमि

नवीन ज्ञानको खोज गरी मानव सभ्यतालाई परिष्कृत तुल्याउने कार्यमा अनुसन्धानको सर्वोपरि स्थान रहेको छ । शोधकार्य कुनै विषयप्रति व्यवस्थित रूपमा खोजी गर्ने अत्यन्तै महत्त्वपूर्ण कार्य हो । आदिम कालदेखि नवीन ज्ञानको खोजी र प्रयोग हुँदै वर्तमान विश्व सुन्दर बन्न सकेको हो । अनुसन्धान कार्य आफैँमा गहन र महत्त्वपूर्ण रहेको हुन्छ । कुनै सत्यतथ्यको उद्घाटन गर्नमा अनुसन्धानले अनुसन्धातालाई सहयोग पुऱ्याउँदछ र ज्ञानको क्षितिजलाई बृहत् पार्ने काम यसले गर्दछ । अतः अनुसन्धानलाई कुनै निश्चित विषय शीर्षकमा केन्द्रित रही त्यसका लागि विभिन्न सङ्कलन विश्लेषणपश्चात् निकालिएको निष्कर्ष भन्नु सान्दर्भिक देखिन्छ । अनुसन्धान कार्य विभिन्न प्रयोजनका लागि उपयोगी हुन्छ । त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर द्वितीय वर्षको नेपा.शि. ५९८ पाठ्यांशको प्रयोजनार्थ 'कक्षा दसको नेपाली पाठ्यपुस्तकको कथा र कविता विधामा प्रयुक्त नमुना अभ्यास खण्डको अध्ययन' शीर्षकमा प्रस्तुत शोध गरिएको छ ।

'अभ्यास' शब्द तत्सम स्रोतबाट नेपाली भाषामा आएको शब्द हो । प्रयोगात्मक नेपाली शब्दकोश (२०६१) अनुसार कुनै व्यवहार वा सीपलाई निरन्तर दोहोऱ्याएर सिक्ने काम, आवृत्ति, पुनरावृत्ति गर्न दिइएको कार्य भनी परिभाषित गरिएको छ । अभ्यास भन्नाले पाठ्यपुस्तकमा दिइएका पाठहरूको उद्देश्य पूरा गर्नका लागि सम्बन्धित पाठको पठनपाठन पछि पाठको मुख्य मुख्य कुरालाई दोहोऱ्याएर सिक्नका लागि बनाइएका प्रश्न वा समस्याहरू भन्ने बुझिन्छ । अभ्यासले विद्यार्थीलाई पाठसँग सम्बन्धित समस्याहरू समाधान गर्ने उद्देश्य राखेको हुन्छ । भाषिक सीप प्राप्त गर्ने लक्ष्य भाषा पाठ्यक्रमको हुन्छ । त्यहीअनुरूपका विधा र तिनका पाठहरूको पठनपाठनपछि अभ्यास राख्नुपर्ने हुन्छ । कक्षा दसको पाठ्यपुस्तकमा कथा विधालाई महत्त्वपूर्ण स्थान दिइएको देखिन्छ । यस सन्दर्भमा कक्षा दसको नेपाली पाठ्यपुस्तकको कथा र कविता विधामा प्रयुक्त नमुना अभ्यास खण्डको अध्ययन गर्ने उद्देश्यले प्रस्तुत शोध गरिएको छ ।

अभ्यासले मानिसलाई पूर्ण बनाउँछ । अभ्यासहरू भाषा पाठ्यक्रमले निर्देश गरेका उद्देश्यअनुरूप हुनुपर्दछ । यसमा लिखित, मौखिक र प्रयोगात्मक अभ्यासको उचित व्यवस्थापन आवश्यक मानिन्छ । अभ्यासहरू चक्रीय प्रकृतिका र प्रतिनिधिमूलक हुनुपर्दछ । भाषा पाठ्यपुस्तकमा राखिएका अभ्यासहरू भाषाका ग्रहण र प्रकटन सीपसँग सम्बन्धित हुनुपर्दछ । प्रश्नगत विविधता, सरलदेखि जटिलको क्रमबद्धता, स्पष्ट निर्देशन, सरल र सुबोध भाषाशैलीको प्रयोग अभ्यासमा हुनु आवश्यक मानिन्छ । भाषा पाठ्यपुस्तकमा वस्तुगत र विषयगत प्रश्नहरूको सन्तुलित प्रयोग हुनुपर्दछ । यसमा पठनबोध, शब्दभण्डार, भूमिका निर्वाह, प्रयोगात्मक सीप, व्याकरण जस्ता भाषाका महत्त्वपूर्ण विषयमा सही अवधारणा निर्माण गर्न सहायक हुने अभ्यासहरू समेट्नुपर्ने हुन्छ ।

समग्रमा भाषा पाठ्यपुस्तकमा नमुना अभ्यास राखिएका प्रश्नहरूको प्रकृति सरल, सुबोध, विविधतापूर्ण र प्रकार्यमूलक हुनु उपयुक्त मानिन्छ । कक्षा दसको नेपाली पाठ्यपुस्तकको कथा र कविता विधामा के-कस्ता अभ्यासहरू छन् ? के ती अभ्यासहरू कक्षा दसको नेपाली भाषा पाठ्यक्रम अनुरूप छन् त ? सीपगत आधारमा कक्षा दसको नेपाली विषयको कथा र कविता विधाका अभ्यासहरू के-कस्ता छन् ? कक्षा दसको नेपाली विषयमा प्रयुक्त अभ्यास के पाठको प्रकृतिअनुरूप छन् त ? कथा र कविता विधाका अभ्यास खण्डमा के-कस्ता कमीकमजोरी छन् ? ती समस्या के कसरी समाधान गर्न सकिन्छ ? भनी कक्षा दसको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त कथा र कविता विधामा प्रयुक्त नमुना अभ्यास खण्डको अध्ययन शीर्षकमा प्रस्तुत शोध गरिएको छ ।

## १.२ समस्याकथन

कुनै पनि अनुसन्धामूलक कार्यमा समस्या छनोटको कार्यलाई निकै नै महत्त्वपूर्ण मानिन्छ । समस्याको छनोट विनाको समाधानको खोजी हुन सक्तैन । कुनै निश्चित विषयक्षेत्रअन्तर्गत शीर्षक रहेको हुन्छ भने शीर्षकलाई विशिष्टता प्रदान गर्न शोधकार्यको महत्त्वपूर्ण अङ्गको रूपमा समस्याकथन रहेको हुन्छ । प्रस्तुत शोधकार्य माध्यमिक तहको कक्षा दसको नेपाली पाठ्युपस्तकको कथा र कविता विधामा प्रयुक्त नमुना अभ्यास खण्डसँग सम्बन्धित रहेको छ । माध्यमिक शिक्षा पाठ्यक्रम (कक्षा ९-१०), २०७१ लाई मूल आधार मानी सोहीअनुरूप कक्षा दसको नेपाली पाठ्यपुस्तकको कथा र कविता विधामा प्रयुक्त

नमुना अभ्यास खण्डको अध्ययन शीर्षकमा प्रस्तुत शोधकार्य गरिएको छ । प्रस्तुत शोधमा 'कक्षा दसको नेपाली पाठ्यपुस्तकको अभ्यास खण्डको अध्ययन' लाई मुख्य क्षेत्र बनाइएको छ । प्रस्तुत शोधका मूलभूत समस्याहरू निम्नलिखित रहने छन् :

क) कक्षा दसको नेपाली पाठ्यपुस्तकका कथा र कविता विधामा प्रयुक्त नमुना अभ्यास के-कस्ता छन् ?

ख) भाषिक सीपका दृष्टिले कथा र कविता विधामा प्रयुक्त अभ्यास कस्ता छन् ?

ग) कथा र कविता विधामा समाविष्ट अभ्यास पाठ्यक्रम अनुरूप छन् ?

## १.३ शोधको उद्देश्य

उद्देश्य विनाको यात्राले गन्तव्यमा पुग्न सकिँदैन । कुनै पनि काम एउटा सार्थक उद्देश्यमा रहेर गरेमा त्यो सफल र प्रभावकारी हुन सक्छ । उद्देश्यविनाको कार्य कुहिरोको कागजस्तै हुन्छ । कुनै पनि कार्यक्रमलाई निश्चित समयमा सहज तरिकाले पूरा गर्नका लागि उद्देश्यको आवश्यकता पर्दछ । प्रस्तुत शोधका उद्देश्यहरू निम्नलिखित छन् :

क) कक्षा दसको नेपाली पाठ्यपुस्तकमा कथा र कविता विधामा प्रयुक्त अभ्यासहरूको अध्ययन गर्नु,

ख) भाषिक सीपका दृष्टिले कथा र कविता विधामा प्रयुक्त अभ्यासको विश्लेषण गर्नु,

ग) उक्त अभ्यास भाषा पाठ्यक्रम अनुरूपताका आधारमा अध्ययन गर्नु ।

## १.४ शोधकार्यको सान्दर्भिकता र उपादेयता

पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुरद्वारा तयार पारिएको माध्यमिक शिक्षा पाठ्यक्रम (कक्षा ९-१०), २०७१ प्रकाशन गरिएको छ । शिक्षा मन्त्रालय पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुरद्वारा प्रकाशित कक्षा दसको नेपाली विषयको पाठ्यपुस्तक हाल नेपालका प्रत्येक विद्यालयहरूमा अनिवार्य विषयका रूपमा पठनपाठन भइरहेको सन्दर्भमा यस विषयको कथा र कविता विधाका पाठहरूको अभ्यास खण्डको अध्ययन विश्लेषणबाट अभ्यासमा समावेश गरिएका विभिन्न प्रकृतिका प्रश्नहरूको अवस्थाको विश्लेषण, स्तरगत उपयुक्तता, सीपगत सन्तुलन, क्रमबद्धता, विद्यार्थीको रुचि, क्षमता र उमेरको प्रतिनिधित्व

गर्न सके नसकेको कुरा पत्ता लगाउन र अभ्यास खण्डका गुणदोषको निर्क्योल गर्न समेत प्रस्तुत अभ्ययन अन्त्यन्त सान्दर्भिक र औचित्यपूर्ण देखिन्छ ।

प्रस्तुत अध्ययनले कक्षा दसको नेपाली पाठ्युपस्तकको कथा र कविता विधाका पाठअन्तर्गत समावेश गरिएका पाठको उद्देश्यअनुरूपता अध्ययन गरी अभ्यासमा रहेका कमी-कमजोरी औँल्याई सुधारका लागि दिइएका सुझावहरूले पाठ्यपुस्तक सम्पादक, प्रकाशन तथा पाठ्यपुस्तकका प्रयोक्ताहरूलाई सघाउ पुऱ्याउनेछ । हाल यस विषयमा आधारित भएर कुनै पनि अनुसन्धान नभएको अवस्थामा यस अध्ययनलाई कार्यगत अनुसन्धानको पनि प्रस्तुत अध्ययन समयसापेक्ष, सान्दर्भिक र उचित देखिन्छ ।

## १.५ शोधको सीमा

कक्षा दसको नेपाली पाठ्यपुस्तकको कथा र कविता विधामा प्रयुक्त नमुना अभ्यास खण्डको अध्ययन गर्नु नै प्रस्तुत शोधको सीमा रहेको छ । यस क्रममा नेपाल सरकार शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुरद्वारा निर्धारित माध्यमिक शिक्षा पाठ्यक्रम (९-१०) प्रकाशित, २०७१अन्तर्गत पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुरद्वारा प्रकाशित कक्षा दसको नेपाली विषयमा आधारित जम्मा चारवटा कथा र तिनवटा कविता पाठअन्तर्गतका अभ्यासहरूको अध्ययन विश्लेषण गर्नु पनि प्रस्तुत शोधको सीमा रहेको छ ।

प्रस्तुत अध्ययनअन्तर्गत 'जन्मभूमि' 'प्रत्यागमन', 'लक्ष्मीपूजा', 'माउजङ बाबुसाहेबको कोट' गरी जम्मा चारवटा कथा र 'सन्तुष्टि', 'वर्षा' र 'म सडक बोल्दैछु' गरी तिनवटा कविता पाठअन्तर्गत राखिएको अभ्यासहरूको अध्ययन गर्नु नै प्रस्तुत अध्ययनको परिसीमाङ्कन रहेको छ । प्रस्तुत अध्ययनमा समय, श्रम र स्रोतको सीमिततालाई ध्यानमा राखी सबै विधाका पाठहरूका अभ्यास समावेश गर्न असहज हुन यथार्थतालाई ध्यानमा राखी उक्त समीमाङ्कन गरिएको छ ।

## १.६ अध्ययनको रूपरेखा

'कक्षा दसको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त कथा र कविता विधाका नमुना अभ्यास खण्डको अध्ययन' शीर्षकको प्रस्तुत शोधकार्यका क्रममा प्राप्त सामग्रीलाई व्यवस्थित र क्रमबद्ध रूपमा प्रस्तुत गर्नका लागि निम्नअनुसार अध्याय विभाजन गरिएको छ :

अध्याय एक : शोध परिचय

अध्याय दुई : पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक प्रारूप

अध्याय तिन : शोधविधि तथा प्रक्रिया

अध्याय चार : व्याख्या तथा विश्लेषण

अध्याय पाँच : सारांश निष्कर्ष तथा उपयोगिता

सन्दर्भ सूची

परिशिष्ट

व्यक्तिवृत्त

## अध्याय दुई

## पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक प्रारूप

### २.१ पूर्वकार्यको पुनरावलोकन

कुनै पनि विषय वा क्षेत्रको गहन अध्ययनका लागि अनुसन्धान अति आवश्यक हुन्छ । अनुसन्धान कार्य गर्नुभन्दा पूर्व सम्बन्धमा के-कति र कस्ता कार्यहरू भएका छन् भनेर अध्ययन गर्नुपर्ने हुन्छ । पूर्वकार्यको समीक्षाबाट सम्बन्धित विषयमा के कति काम भएको छ र के कति अध्ययन गर्न बाँकी छ ? भनी जानकारी हासिल गर्न सकिने भएकाले पूर्वकार्यको समीक्षा अनिवार्य मानिन्छ । नेपाली भाषा शिक्षा विषयमा विभिन्न प्रकारका सैद्धान्तिक खोज अनुसन्धानहरू भएका छन् । तापनि प्रयोगात्मक रूपमा यस विषयमा अध्ययन अनुसन्धानको अभाव देखिन्छ । प्रयोगात्मक रूपमा एक दुईवटा अनुसन्धान भने भएकै छन् । यसै विषयक्षेत्रसँग सम्बन्धित रहेर गरिएका सैद्धान्तिक एवम् प्रयोगात्मक अध्ययन अनुसन्धानहरू जुन जानकारीमा छन्, तिनलाई क्रमशः निम्नअनुसार चर्चा गरिन्छ :

#### २.१.१ पुस्तक समीक्षा

अधिकारी (२०५९) द्वारा *नेपाली भाषा शिक्षण* नामक पुस्तक प्रकाशित गरिएको छ । उक्त पुस्तकमा विभिन्न पक्षहरूको चर्चा गर्ने क्रममा लेखाइ शिक्षण अध्ययन पनि समावेश गरिएको छ । यसमा लेखाइसम्बन्धी कार्यकलापहरू, लेखाइको शुद्धीकरण, आभ्यासिक तथा निर्देशित लेखन र स्वतन्त्र तथा सिर्जनात्मक लेखन, शिक्षणका बारेमा चर्चा गरिएको छ ।

लम्साल र अन्य (२०६६) द्वारा *नेपाली भाषा पाठ्यक्रम तथा शिक्षण पद्धति* नामक पुस्तक प्रकाशित गरिएको पाइन्छ । उक्त पुस्तकमा लिखित अभिव्यक्ति शिक्षणका कार्यकलापहरूअन्तर्गत वस्तु वा चित्रवर्णन, अनुभव, घटना एवम् यात्रा वर्णन, अनुलेखन, श्रुतिलेखन, प्रश्नोत्तर, अनुच्छेदलेखन, बुँदाटिपोट, दैनिकीलेखन, चिठीलेखन, निवेदन लेखनका बारेमा चर्चा गरिएको पाइन्छ ।

अधिकारी र शर्मा (२०६६) द्वारा *प्रारम्भिक नेपाली शिक्षण* नामक पुस्तक प्रकाशित गरिएको छ । खासगरी प्रवीणता प्रमाणपत्र तह र उच्च माध्यमिक तहको पाठ्यक्रममा आधारित रहेर तयार पारिएको भए तापनि नेपाली भाषाको शिक्षणका क्षेत्रमा निर्माण गरिने

विभिन्न पाठ्यक्रमहरूका लागि अत्यन्त उपयोगी हुने देखिन्छ । नेपाली भाषा शिक्षणसँग सम्बन्धित यस पुस्तकमा लेखाइ शिक्षणअन्तर्गत लेखाइ शिक्षणको आवश्यकता, प्रारम्भिक तहमा लेखाइ शिक्षणको स्तर निर्धारण, लेखाइ शिक्षणका कार्यकलाप, निर्देशित, स्वतन्त्र र सिर्जनात्मक लेखाइ, लेखाइको शुद्धीकरण जस्ता शीर्षकहरूमा चर्चा गरिएको छ ।

शर्मा र पौडेल (२०६८) द्वारा *नेपाली भाषा र साहित्य शिक्षण* नामक पुस्तक एम.एड. दोस्रो वर्षका लागि तयार पारिएको छ । उक्त पुस्तकको अध्ययनले शोधकार्यमा सैद्धान्तिक आधार तयारका साथै अभ्यासात्मक प्रश्नहरूको निर्माण प्रक्रियामा पनि सहयोग गरेको छ ।

भट्टराई (२०६८) द्वारा *भाषिक अनुसन्धान विधि : परिचय र प्रयोग* नामक पुस्तक एम.एड. दोस्रो वर्षका लागि तयार पारिएको छ । उक्त पुस्तकको अध्ययनले शोधकार्यमा सैद्धान्तिक आधार तयार पार्न सहयोग मिलेको छ ।

### २.१.२ शोधपत्र समीक्षा

दाहाल (२०५४) द्वारा 'निम्न माध्यमिक तहका नेपाली भाषा पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यास : एक अध्ययन' शीर्षकमा अध्ययन गरिएको छ । उक्त अध्ययनमा अभ्यासहरूको छनोट र स्तरण उपयुक्त भए नभएको विश्लेषण गर्नु प्रमुख उद्देश्य रहेको छ। उक्त अध्ययनमा पुस्तकालयीय अध्ययनलाई अँगालिएको देखिन्छ । उक्त अध्ययनमा निम्नमाध्यमिक तहको नेपाली भाषा पाठ्यपुस्तकमा प्रयुक्त अभ्यास समावेश गर्दा स्तरणमा ख्याल नगरिएको र अभ्यासहरू सीपगत सिकाइका दृष्टिले कमजोर रहेको निष्कर्ष प्रस्तुत गरिएको छ ।

अधिकारी (२०६७) द्वारा 'कक्षा दसको नेपाली किताबमा समाविष्ट नमुना अभ्यासहरूको अध्ययन' शीर्षकमा अध्ययन गरिएको छ । शोध विधिको रूपमा पुस्तकालयीय अध्ययन तथा विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ । उक्त अध्ययनमा नमुना अभ्यासहरूको अध्ययन विश्लेषण गर्नु, विविध आधारमा नमुना अभ्यासहरूको अध्ययन विश्लेषण गर्नु, वर्गीकरण गर्नु, पाठ्यपुस्तकमा समावेश गरिएका नमुना अभ्यासको सबल र दुर्बल पक्षको पहिचान गर्नु र सुधारका लागि उचित आवश्यक सुझाब पेश गर्नु आदि उद्देश्य राखिएको छ । उक्त अध्ययनमा पाठ्यक्रमले निर्धारण गरेका विशिष्ट उद्देश्य प्राप्त गर्न सक्ने

अभ्यासहरू निर्माण नभएको, विद्यार्थीहरूको उमेर, रुचि, तह र स्तरअनुरूपका अभ्यासहरू समावेश नगरिएका निष्कर्ष निकालिएको छ ।

भट्ट (२०६८) द्वारा 'कक्षा ११ को सबैको नेपाली किताबमा रहेको व्याकरणात्मक अभ्यासहरूको अध्ययन' शीर्षकमा अध्ययन गरिएको छ । उक्त अध्ययनमा विविध आधारमा व्याकरणात्मक अभ्यासहरूको अधययन गर्नु, तिनको उपयुक्तता पहिल्याउनु, कमीकमजोरी औँल्याई आवश्यक सुझाब पेश गर्नु उद्देश्य राखिएको छ । प्राथमिक स्रोतका रूपमा पुस्तकालयीय अध्ययन अवलम्बन गरिएको छ भने द्वितीय स्रोतका रूपमा सन्दर्भ सामग्रीलाई उपयोगमा ल्याइएको छ । उक्त अध्ययनको निष्कर्षमा व्याकरणात्मक पाठ्यविषयवस्तु मिलाउन हदसम्म पाठ्यक्रमअनुरूपका पाठ्यविषयवस्तु मिलाउन खोजेको, व्याकरणको प्रस्तुति ढाँचामा विविधता ल्याउन आवश्यक अभ्यास गराउन मिल्ने गरी वस्तुगत तथा व्यावहारिक अभ्यास थप गर्नुपर्ने आवश्यकता औँल्याइएको छ ।

कोइराला (२०६९) द्वारा 'कक्षा पाँचको नेपाली पाठयपुस्तकमा प्रयुक्त नमुना अभ्यासहरूको अध्ययन' शीर्षकमा अध्ययन गरिएको छ । पुस्तकालयीय अध्ययन प्रमुख रूपमा अवलम्बन गरिएको छ । कक्षा पाँचको पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासहरूमा मात्र सीमित रहेर अध्ययन कार्य गरिएको छ । उक्त अध्ययन तहगत र सीपगत उद्देश्यको आधारमा नमुना अभ्यासको क्षेत्र र क्रम, भाषिक सीप आदि विविध आधारमा अध्ययन विश्लेषण गरिएको छ । उक्त अध्ययनमा शब्दभण्डार विकास तथा सिकारुको भाषिक सिर्जनशील क्षमताको विकास गर्न सहयोग भाषिक सिर्जनशील क्षमताको विकास गर्न सहयोगी सिद्ध हुने अभ्यासहरू समेटिएको निष्कर्ष निकालिएको छ ।

गौतम (२०६९) द्वारा 'कक्षा आठ र नौको नेपाली पाठ्यपुस्तकहरूमा समावेश गरिएका नमुना अभ्यासहरूको तुलनात्मक अध्ययन' शीर्षकमा अध्ययन गरिएको छ । उक्त शोधमा पाठ्यक्रमद्वारा निर्दिष्ट उद्देश्यका आधारमा दुवै पाठ्यपुस्तकमा समावेश गर्नु, अभ्यासहरूको छनोट स्तरण र वितरण आदिका आधारमा कक्षागत, तहगत, विधागत तालमेल पहिल्याउनु, समानता, असमानता, सबल दुर्बल पक्ष आदि विविध आधारमा दुवै पाठ्यपुस्तकका नमुना अभ्यासहरूको तुलना गर्नु नै उद्देश्य राखिएको छ । उक्त अध्ययनमा सुनाइ र बोलाइ सीपसँग सम्बन्धित प्रश्नहरू थप गरिनु पर्ने, सिर्जनात्मक अभ्याससँग

सम्बन्धित प्रश्नहरू कम भएको, विद्यार्थीको स्तर, तह, उमेर र रुचिअनुसार प्रश्नको मात्रा थप गर्नुपर्ने सुझावसहित दुवै कक्षाका नमुना अभ्याससहरूबिच तालमेल मिलाउनु पर्ने निष्कर्ष निकालिएको छ ।

ज्ञवाली (२०६९) द्वारा 'कक्षा पाँचको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त अभ्यासखण्डको अध्ययन शीर्षकमा अध्ययन गरिएको छ । उक्त अध्ययनमा स्तरअनुसारका अभ्यासहरू भए नभएको निर्क्योल गर्नु, सीपगत आधारमा अभ्यासहरूको विश्लेषण गर्नु मुख्य उद्देश्य राखिएको छ । पुस्तकालयीय अध्ययनलाई उक्त अध्ययनमा आत्मसात गरिएको देखिन्छ । उक्त अध्ययनमा अभ्यासमा लेखाइ सीपलाई कम प्राथमिकता दिइएको निष्कर्ष प्रस्तुत गरिएको देखिन्छ ।

कँडेल (२०७०) द्वारा 'कक्षा चार र पाँचका नेपाली पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासको तुलनात्मक अध्ययन' शीर्षकमा अध्ययन गरिएको छ । उक्त अध्ययनमा नमुना अभ्यासहरूको भाषिक सिपका आधारमा स्वरूप पहिल्याउने विधाको प्रयोजनअनुसार रहेनरहेको औंल्याउनु, तहगत उद्देश्यले तिनको प्रकृति निर्क्योल गर्नु र सुधारका लागि आवश्यक सुझाब दिनु उद्देश्य राखिएको छ । कक्षा ४ र ५ का नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका नमुना अभ्यासमा सीमित रही शोधविधिको रूपमा पुस्तकालयीय अध्ययन अवलम्बन गरी अध्ययन कार्य गरिएको छ । द्वितीयक स्रोतका रूपमा शोधपत्रहरू, अन्य अनुसन्धानमूलक लेखरचना आदिको प्रयोग पनि रहेको पाइन्छ । विविध आधारमा केन्द्रित रही कक्षागत रूपमा छुट्टाछुट्टै अध्ययन विश्लेषण, भाषिक सिपगत, बोधात्मक, प्रयोगात्मक, सिर्जनात्मक, कण्ठस्थीकरण र वस्तुगत आधारमा त्यस्तै प्रश्नको प्रकृतिको आधारमा वर्गीकरण र विश्लेषण गरी अध्ययन गरिएको छ ।

उपर्युक्त विभिन्न अध्ययनको समीक्षाबाट नेपाली भाषा पाठ्यपुस्तकमा समावेश गरिएका नमुना अभ्यास र कथाहरूको विश्लेषणसम्बन्धी थुप्रै अध्ययन भए तापनि कक्षा दसको नेपाली पाठ्यपुस्तकको कथा र कविता विधामा प्रयुक्त नमुना अभ्यासको अध्ययन विश्लेषण सम्बन्धी अध्ययन भएको पाइँदैन । त्यसैले प्रस्तुत अध्ययन नवीन बन्न गएको उक्त शीर्षक छनोट गर्नु र त्यही शीर्षकमा आधारित भएर अध्ययन गर्नु सान्दर्भिक देखिन्छ ।

## २.२ सैद्धान्तिक अवधारणा

### २.२.१ भाषा पाठ्यक्रमको परिचय

पाठ्यक्रम शैक्षिक कार्यक्रमको बृहत् एवम् महत्त्वपूर्ण योजना हो । यसले शिक्षणलाई उद्देश्यमूलक बनाउने बलियो लक्ष्य लिएको हुन्छ (भण्डारी र अन्य, २०६८ : १६४) । भाषा पाठ्यक्रममा भाषाशिक्षणका लागि सुनाइ, बोलाइ, पढाइ र लेखाइजस्ता भाषिक सीप विकासलाई केन्द्रविन्दु बनाइएको हुन्छ । पाठ्यक्रमका उद्देश्यअनुरूप पाठ्यपुस्तक निर्माण गरिएको हुन्छ । अतः पाठ्यक्रम नै सम्पूर्ण शैक्षिक प्रक्रियाको मेरुदण्ड हो भन्न सकिन्छ ।

भाषा सिकाइलाई शिक्षण सिकाइको निरन्तर प्रक्रियाका रूपमा लिइन्छ । कुनै पनि भाषाको मानक रूप र शिष्ट रूपको सिकाइ गराउन भाषा विषयलाई पनि प्राथमिकता दिइएको हुन्छ । भाषाका आधारभूत सीपमा निपुर्णता हासिल गराउन पाठ्यक्रमलाई व्यवस्थित गरिएको हुन्छ । भाषा पाठ्यक्रमकै आधारमा भाषा पाठ्यपुस्तक र भाषिक सीप हासिल गराउने सन्दर्भ सामग्रीहरू तयार पारिएका हुन्छन् । भाषाका ग्रहण र अभिव्यक्ति कुशलताका माध्यमले विभिन्न विषयगत ज्ञान प्रवर्द्धन गर्ने ध्येय भाषा पाठ्यक्रमको हुन्छ ।

भाषा पाठ्यक्रममा भाषा शिक्षणसम्बन्धी बृहत् र स्पष्ट कार्यक्रम प्रस्तुत गरिएको हुन्छ । यसमा शिक्षाका राष्ट्रिय उद्देश्य, कक्षागत उद्देश्य तथा विषयगत उद्देश्य, पठनपाठनको समयावधि, सिकाइ सहजीकरण प्रक्रिया, विधाको क्षेत्र र क्रम, अभ्यासको प्रकृति, विद्यार्थी मूल्याङ्कनजस्ता महत्त्वपूर्ण कुराहरूलाई स्पष्ट निर्देशित गरिएको हुन्छ (भण्डारी र अन्य, २०६८ : २१८) । भाषा पाठ्यक्रममा विभिन्न विधाका रचनाका माध्यमबाट भाषिक सीप र सिर्जनात्मक क्षमताको विकास गराउनलाई मुख्य उद्देश्य बनाइएको हुन्छ । समग्रमा यसले उद्देश्य, विषयसूची, स्रोत, मूल्याङ्कनको साधन आदिको समेत बोध गराउँछ । जुन विद्यालयभित्र र विद्यालयबाहिर कक्षाकोठाको शिक्षण तथा सम्बन्धित कार्यक्रमद्वारा पूरा गर्न योजनाबद्ध रूपले लागू गरिएको हुन्छ ।

### २.२.२ पाठ्यपुस्तकको परिचय

पाठ्यक्रमको उद्देश्यअनुरूप सम्बन्धित तह र कक्षाको शिक्षण सिकाइको महत्त्वपूर्ण तथा आधिकारिक सामग्रीलाई पाठ्यपुस्तक भनिन्छ (भण्डारी र अन्य, २०६८ : १९१) । पाठ्यपुस्तकको सहयोगले विद्यार्थीहरूले सम्बन्धित तह र कक्षाको पाठ्यक्रम अनुरूपका विभिन्न ज्ञान र सीप हासिल गर्दछन् । पाठ्यपुस्तकमा पाठ्यक्रमका अपेक्षाअनुरूप

पाठ्यांशलाई विद्यार्थीको स्तर, अनुभव र सिकाइ आवश्यकता ख्याल गरी सङ्ग्रहित गरिएको हुन्छ । पाठ्यक्रमका उद्देश्य पूरा गर्न के कति पढ्ने ? कस्तो अभ्यास गरेर कुन अनुक्रममा पढ्ने भन्ने कुरालाई आत्मसात् गरी पाठ्यपुस्तक तयार गरिएको हुन्छ । यसले शिक्षकलाई समेत के, कति र कसरी अभ्यास गराएर पढाउने भन्ने कुराको महत्त्वपूर्ण जानकारी प्रदान गर्दछ । यसकै सहयोग लिई शिक्षकले आवश्यक शिक्षण योजना बनाई सुनिश्चित प्रक्रियाअनुरूप शिक्षण गर्न सक्छन् ।

पाठ्यपुस्तकलाई परिभाषित गर्ने क्रममा **गुड** (१९७३) ले कुनै निश्चित तहमा खास विषयको निर्धारित पाठ्यांशका लागि व्यवस्थित ढङ्गले तयार पारिएको अपेक्षित शिक्षण सिकाइमा प्रयोग गरिने प्रमुख अध्ययन, स्रोत र सामग्री मानेका छन् । **तनेजा** (१९७३) ले पाठ्यपुस्तकलाई विद्यालय, महाविद्यालय र घरमा पनि व्यापक रूपले प्रयोग हुने सर्वमान्य ढङ्गको शिक्षण सामग्रीका रूपमा चिनाएका छन् । त्यस्तै **क्रोनवाक्**ले पाठ्यपुस्तक सामान्यतः प्रारम्भिक तहका शिक्षार्थीहरूका लागि लेखिने कुनै पाठ्यांशका विभिन्न एकाइहरूको शिक्षण सिकाइ क्रमबद्ध रूपमा हुन सकोस् भन्ने ध्येयमा आधारित सामग्री माानेका छन् ।

### २.२.३ भाषा पाठ्यपुस्तकको परिचय

कुनै पनि तह वा कक्षाका लागि भाषिक उद्देश्यहरू पुरा गर्न तयार पारिएको सामग्रीलाई पाठ्यपुस्तक भनिन्छ (भण्डारी र अन्य, २०६३ : १९३) । भाषा पाठ्यपुस्तक पाठ्यक्रमका सैद्धान्तिक कुराहरूलाई व्यावहारिक कार्यकलाप तथा प्रक्रियामा ढालेर उद्देश्यपूर्ति गर्न महत्त्वपूर्ण सहयोग पुऱ्याउने भरपर्दो सामग्री हो । भाषा पाठ्यपुस्तकको सहयोगले विद्यार्थीहरू सम्बन्धित तह र कक्षाको भाषा पाठ्यक्रमका उद्देश्य पूरा गर्न के कस्ता कुराहरू के -कसरी पढ्ने र कस्तो अभ्यास गरेर कुन अनुक्रममा पढ्ने भन्ने कुराको आत्मसात् गरी भाषा पाठ्यपुस्तक निर्माण गरिएको हुन्छ । भाषा पाठ्यपुस्तकले शिक्षकलाई समेत शिक्षण कार्यमा महत्त्वपूर्ण सहयोग प्रदान गर्दछ ।

भाषा पाठ्यपुस्तक भाषा पाठ्यक्रमका सैद्धान्तिक कुराहरूलाई व्यावहारिक कार्यकलापमा ढालेर उद्देश्य पूर्ति  गर्न सहयोग पुऱ्याउने महत्त्वपूर्ण र भरपर्दो सामग्री हो । जुन विद्यार्थीको शारीरिक, मानसिक, बौद्धिक तथा सांवेगिक पक्षका साथै रुचि, आवश्यकता र सिकाइसमेतलाई ख्याल गरी मनोवैज्ञानिक सिकाइ अनुक्रममा तयार पारिएको हुन्छ । भाषा

पाठ्यपुस्तकले विद्यार्थीलाई पढ्न, अभ्यास गर्न, कक्षा कार्यकलापलाई प्रभावकारी बनाउन महत्त्वपूर्ण सहयोग पुऱ्याउँदछ ।

### २.२.४ भाषा पाठ्यपुस्तक निर्माण योजना

भाषा पाठ्यपुस्तक निर्माण तथा सम्पादन गर्ने लेखक तथा सम्पादकहरूले पाठ्यपुस्तक निर्माण पूर्व  गरिने तयारीप्रति संवेदनशील बन्नैपर्छ (जस्तैः पाठ्यक्रम अध्ययन, आवश्यकता विश्लेषण, विषयवस्तु छनोट, विधा प्रस्तुति, वितरण, आकारप्रकार, अभ्यास आदि (भण्डारी र अन्य, २०६८ : २१२) । पाठ्यपुस्तक निर्माण अत्यन्त महत्त्वपूर्ण कार्य भएकाले विना योजना यसको सफलता सम्भव छैन । भाषा पाठ्यपुस्तकमा समावेश गरिने कुराले भाषिक सीपको विकासमा के कति सहयोग गर्दछन् भन्ने कुरालाई पनि मध्यनजर गर्नुपर्दछ ।

### २.२.५ अभ्यासको परिचय

'अभ्यास' शब्द तत्सम स्रोतबाट नेपाली भाषामा आएको शब्द हो । प्रयोगात्मक नेपाली शब्दकोश (२०६१) अनुसार "कुनै व्यवहार वा सीपलाई निरन्तर दोहोऱ्याएर सिक्ने काम, आवृत्ति, पुनरावृत्ति" र सिक्नका निम्ति पुनरावृत्ति गर्न दिइएको कार्य" भनी परिभाषित गरिएको देखिन्छ । अभ्यास भन्नाले पाठ्यपुस्तकमा दिइएका पाठहरूको उद्देश्य पुरा गर्नका लागि सम्बन्धित पाठको पठनपाठनपछि पाठको मुख्यमुख्य कुरालाई दोहोऱ्याएर सिक्नका लागि बनाइएका प्रश्न वा समस्याहरू भन्ने बुझिन्छ । यसले विद्यार्थीलाई पाठसँगै सम्बन्धित समस्याहरू हल गर्ने उद्देश्य राखेको हुन्छ ।

विद्यार्थीको सर्वाङ्गीण विकासका लागि उनीहरूकै रुचि, इच्छा र आवश्यकता बमोजिम छनोट र स्तरणको सिद्धान्त अनुरूप तयार पारी हरेक पाठ वा पाठ्यपुस्तकको अन्त्यमा दिइने उदाहरण वा अनुकरणीय कार्यहरूको रूपलाई नै अभ्यास भनिन्छ । अभ्यासले सिकारुको सिकाइ क्षमतालाई परिमाणात्मक र गुणात्मक उचाइमा पुऱ्याउन सहयोगी भूमिका खेल्दछ । भाषामा विविध संरचना, अभिव्यक्ति तथा शैलीहरूको प्रस्तुति हुन्छ । विविध भाषिक पक्षहरूको शिक्षण मूलतः अभ्यासमूलक हुन्छ । अभ्यास अभि+आ+अस्+अ ( घञ्) प्रत्यय लागी बनेको छ । यसको अर्थ मेहनत वा पुनरावृत्ति हुन्छ । कुनै पनि कार्य गर्नका लागि अभ्यास र पुनरावृत्तिको आवश्यकता पर्दछ । भाषा सिकाइमा निरन्तरता तथा गुणात्मकता प्राप्त गर्नका लागि अभ्यासलाई प्रमुख साधनका रूपमा लिन सकिन्छ ।

अभ्यासले मानव समुदायमा सिर्जनात्मक शैलीको विकास गराउने भएकाले भाषा पाठ्यपुस्तकमा अभ्यासको महत्त्वपूर्ण स्थान रहेको हुन्छ । भाषामा विविध पक्षहरूको सैद्धान्तिक अवधारणा मात्र पहिचान गरेर विद्यार्थीले सीप आर्जन गर्न सक्तैनन् । तसर्थ अभ्यासहरू दिएर विद्यार्थीहरूलाई निर्धारित विषयवस्तुमा दक्ष र अभ्यस्त बनाउन सकिन्छ । भाषिक सीपहरूलाई परिमार्जित तुल्याउन अध्यावधिक र परिपोषक गर्नका लागि पनि उक्त सीपलाई निरन्तर दोहोऱ्याइ रहनु जरुरी हुन्छ ।

अभ्यासको निर्माण गर्दा विधाको क्षेत्र र क्रमलाई ध्यान दिएर भाषिक पुनरावृत्तिमा जोड दिनुपर्दछ । विद्यार्थीको स्तरअनुसारको कति शब्दभण्डारको विकास गराउने तथा वाक्य रचनागत सीप विकास गराउने, उमेर, स्तरगत परिपक्वता कस्तो रहेको छ, सो कुरालाई ध्यान दिनुपर्दछ । अभ्यासको निर्माण गर्दा भाषा पाठ्यक्रमका उद्देश्यहरू पुरा हुने खालका अभ्यासहरू निर्माण गर्नुपर्दछ । विद्यार्थीहरूको रुचि, क्षमता र आवश्यकतालाई ध्यानमा राखी प्रयोगात्मक खालका अभ्यास निर्माण गर्नु पर्दछ ।

### २.२.६ नमुना अभ्यासको परिचय

कुनै पनि विषय क्षेत्रसँग सम्बन्धित रचनात्मक अभ्यासलाई नै नमुना अभ्यास भनिन्छ । अभ्यासलाई सिकाइको मेरुदण्डको रूपमा पनि लिइन्छ । यसले विद्यार्थीको भाषिक सीप तथा दक्षता प्राप्तिको लेखाजोखा गर्न महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । नेपाली बृहत् शब्दकोशमा 'अभ्यास' शब्दलाई "कुनै पाठ्य विषयमा निरन्तर दोहोऱ्याइ तेहऱ्याई पूर्ण ज्ञान प्राप्त गर्नु वा कुनै कार्यको व्यावहारिक पक्षतिर विशेष रूपमा बारम्बार गरिने मिहिनेत" भनेर अर्थ्याइएको पाइन्छ । विद्यार्थीलाई भाषा सिकाइमा सैद्धान्तिक ज्ञान भएर मात्र पुग्दैन, त्यसलाई प्रयोग व्यवहारमा ल्याउन सरल विधाको आवश्यक पर्दछ । यसरी विधाका पाठहरू पढेर मात्र पुग्दैन । हरेक विधाहरू कसरी प्रयोग गर्ने भाषिक सीप कसरी हासिल गर्ने भन्ने सन्दर्भमा नेपाली भाषाशिक्षणमा नमुना अभ्यास अत्यन्तै आवश्यक देखिन्छ । भाषा र सिकाइलाई प्रभावकारी बनाउन र महत्त्वपूर्ण क्रियाकलाप सञ्चालन गर्न भाषा पाठ्यपुस्तकमा नमुना अभ्यास राखिएको हुन्छ । अतः भाषाका सीप हासिल गर्न निरन्तर नमुना अभ्यासको स्थान महत्त्वपूर्ण हुन्छ ।

नमुना अभ्यास पाठ्यक्रमले तोकेका शैक्षणिक उद्देश्य मापन गर्न सकिने ढङ्गबाट तयार गर्नुपर्दछ । पाठको प्रकृति, प्रस्तुति र ढाँचासँग मिल्दोजुल्दो किसिमले अभ्यासमा

लिखित, मौखिक तथा प्रयोगात्मक अभ्यासको संरचना व्यवस्थित गरिनुपर्दछ । अभ्यासलाई विद्यार्थीको रुचि, क्षमता र स्तर सुहाउँदो, विधाको क्षेत्र र क्रमलाई ध्यान दिएर भाषिक पुनरावृत्ति पक्षलाई जोड दिनुपर्दछ । विद्यार्थीको स्तरअनुसार के कति शब्दभण्डारको विकास गराउने तथा वाक्य र रचनागत सीप विकास गराउने, उमेर स्तरगत परिपक्वता कस्तो रहेको छ ? सो कुरालाई विशेष ध्यान दिनुपर्दछ ।

नमुना अभ्यासले शिक्षकलाई विद्यार्थी मूल्याङ्कन गर्न, मौखिक, लिखित, प्रयोगात्मक प्रश्नोत्तर गराउन, परीक्षाको पूर्वतयारी गर्ने एक अपरिहार्य तत्त्व हो । विद्यार्थी स्वयम् सक्रिय हुने, उक्त अभ्यासात्मक क्रियाकलापले पठनबोध, शब्दभण्डार, वाक्यनिर्माण, भूमिका निर्वाह, प्रयोगात्मक सीप, व्याकरण जस्ता भाषाका महत्त्वपूर्ण विषयमा सही अवधारणाको निर्माण गराउन मद्दत मिल्छ । त्यसकारण परिवर्तित समय परिस्थितिअनुरूप विद्यार्थीहरूलाई क्रियाशील गराउन नमुना अभ्यास उद्देश्यमुखी रचनात्मक, सिर्जनात्मक, स्तरयुक्त र उपयुक्त हुनुका साथै सरलदेखि जटिल क्रममा मिलाइएको हुनुपर्दछ ।

### २.२.७ अभ्यासमा समावेश प्रश्नको स्वरूप र तिनका आधार

भाषिक सीपहरूलाई सबलीकरण गर्ने सन्दर्भमा प्रश्न निर्माण एउटा महत्त्वपूर्ण प्रविधि मानिन्छ । भाषा शिक्षणका सन्दर्भमा विभिन्न प्रकृतिका प्रश्नहरू भाषिक अभ्यासका लागि महत्त्वपूर्ण सामग्री समेत बनेका हुन्छन् । मूल्याङ्कनीय प्रश्नहरू भाषा पाठ्यक्रमका समग्र  पाठ्यवस्तुहरूलाई समेट्ने गरी प्रतिनिधिमूलक आधारमा छनोटपूर्ण हिसाबले निर्माण गरिनुपर्ने हुन्छ । भाषिक सीपको विकास गर्न भाषा पाठ्यपुस्तकमा विधागत एकाइहरूको सँगसँगै अभ्यासहरूको प्रस्तुति रहेको हुन्छ । यस्ता अभ्यासहरूमा निश्चित प्रश्नहरूको क्रमबद्ध प्रस्तुति हुन्छ । ती प्रश्नहरूको विविधताले भाषिक सीप विकासलाई स्पष्ट रूपमा टेवा दिन्छ । भाषा पाठ्यपुस्तकमा प्रस्तुत गरिने यस्ता प्रश्नहरूको प्रकृति वा स्वरूपलाई यसरी स्पष्ट पार्न सकिन्छ ।

#### २.२.७.१ विषयगत प्रश्न

भाषा शिक्षणको मुख्य अभिप्राय भाषिक सीप विकासलाई जोड दिनु हो । विषयवस्तुलाई आधारको रूपमा लिएर विद्यार्थीहरूलाई योजनाबद्ध तर्कपूर्ण अभिव्यक्ति दिन, पठनबोध, श्रुतिबोध, भावार्थ जस्ता अभ्यासमूलक क्रियाकलाप प्रयोग गरी भाषाशिक्षण गरिन्छ । विविध विधाअन्तर्गतका विषयवस्तुको शिक्षणपश्चात् विद्यार्थीहरूले के कति ज्ञान

सीप हासिल गऱ्यो भनेर लेखाजोखा गर्न तयार गरिने प्रश्नलाई विषयवस्तुमा आधारित प्रश्न भनिन्छ । बोध र अभिव्यक्ति भाषाशिक्षणको गुण हो । बोध खण्डअन्तर्गत विषयगत र वस्तुगत प्रश्नहरू पर्दछन् भने अभिव्यक्तिअन्तर्गत निबन्धात्मक, विश्लेषणात्मक, अभिनयात्मक आदि प्रश्नहरू पर्दछन् । तल्ला तहका कक्षाहरूमा अभिव्यक्तिगत पक्षलाई जोड दिएर प्रश्न निर्माण गर्नुपर्दछ (शर्मा र पौडेल, २०६८ : ३६१) ।

(क) **निबन्धात्मक प्रश्न**

विद्यार्थीको अपेक्षित सिकाइ उपलब्धिहरू लेखाजोखा गर्न प्रयोग गरिने लामो उत्तर आउने प्रश्नहरूलाई निबन्धात्मक प्रश्न भनिन्छ । यस्ता प्रश्नले विद्यार्थीको सिर्जनात्मक विकासमा सहयोग पुऱ्याउँछ । भाषाका मौलिक चिन्तन र विचार विमर्श पत्ता लगाउन यस प्रकारका प्रश्नले सहयोग गर्दछन् । यस्ता प्रश्नलाई निश्चित बुँदा दिएर नियन्त्रित लेखनका रूपमा उपयोग गर्न सकिए तापनि स्वतन्त्र लेखन सीप र अभिव्यक्तिको परीक्षण गर्नेमा नै बढी केन्द्रित बनाउनु आवश्यक हुन्छ । किनकि यसबाट वैयक्तिक शैली शिल्पगत विशेषताको जाँच गर्न मार्ग प्रशस्त हुने हुँदा यस्ता प्रश्नहरू अभ्यासमा राख्नु उपयुक्त हुन्छ ।

(ख) **सङ्क्षिप्त उत्तरात्मक प्रश्न**

सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरू एक शब्द वा वाक्यदेखि लिएर एक अनुच्छेदसम्म उत्तर दिन सकिने खालका हुन्छन् । यस्ता प्रश्नहरू लिखित वा मौखिक रूपमा समेत उपयोगी हुन्छन् । यसअन्तर्गत सङ्क्षेपीकरण गर्ने, भावविस्तार गर्ने, देखे सुनेका पढेका आधारमा छोटो उत्तर दिने खालका हुन्छन् । भाषाको प्रयोगमा छोटो र कम समयमा विद्यार्थीको दक्षता नाप्नका लागि निर्माण गरिने यस्ता खालका प्रश्नहरू एउटै वाक्यमा पनि उत्तर दिन मिल्ने र कण्ठस्थ गर्ने खालका स्वरूपमा देखा पर्दछन् ।

**२.२.७.२ वस्तुगत प्रश्नहरू**

एक पटकमा एउटा कुराको मात्र परीक्षण गर्न सकिने मुख्य विशेषता भएका प्रश्नहरू मूलतः बोध, उच्चारण, शब्दार्थ, शब्द प्रयोग, वर्णविन्यास र व्याकरण तत्त्वको पहिचानात्मक परीक्षण गर्न उपयोगी हुन्छन् । अभिव्यक्ति सीपको परीक्षणमा प्रत्यक्षतः उपयोगी हुन नसक्ने र उत्पादनात्मक एवम् सम्पादनात्मक परीक्षणका दृष्टिले पनि ज्यादै सीमित हुने भए तापनि यस्ता प्रश्नहरू परीक्षणको व्यापकता बढाउन र विश्वसनीयता बढाउन निकै उपयोगी हुन्छन् । तसर्थ भाषा पाठ्यपुस्तकभित्र नमुना अभ्यासका रूपमा वस्तुगत प्रश्नहरूलाई

राख्नुपर्ने हुन्छ (शर्मा र पौडेल, २०६९ : ३६) । वस्तुगत प्रश्नका प्रकारहरूको निम्नानुसार चर्चा गरिन्छ ।

### (क) बहुवैकल्पिक प्रश्न

आवश्यकताअनुसार प्रश्नमै तिनदेखि पाँचवटासम्म मूलतः चारवटा वैकल्पिक उत्तरहरूको व्यवस्था गरी त्यसैबाट सही उत्तर पत्ता लगाएर घेरा (O) वा रेजा (✓) चिनो लगाउन निर्देशन गरिने प्रश्नलाई बहुवैकल्पिक प्रश्न भनिन्छ । भाषिक परीक्षणका क्रममा यस्ता प्रश्नहरू खासगरी श्रुतिबोध र पठनबोधका साथै व्याकरण तत्त्व, वर्णविन्यास, शब्दार्थ, शब्दनिर्माण र वाक्यगठन आदि कुराको धारणात्मक ज्ञानका साथै प्रयोगात्मक सुझ ठम्याउनका लागि उपयोग गर्न सकिन्छ ।

### (ख) खाली ठाउँ भर्ने प्रश्न

प्रश्नका आधार वाक्यमै निश्चित शब्दहरू हटाएर खाली राखी ती ठाउँहरूमा उपयुक्त शब्द भर्न लगाउने प्रश्नलाई खाली ठाउँ भर्ने प्रश्न भनिन्छ । यस्ता प्रश्नहरू खुला बहुवैकल्पिक र जोडा मिलाउने प्रकृतिका पनि हुन सक्छन् । खुला प्रकृतिका प्रश्नभित्र कुनै सुराक नदिई विद्यार्थीले पढेका आधारमा स्मरण गरेर उत्तर दिनुपर्ने हुनाले निश्चित गर्न पनि गाह्रो हुन्छ । बहुवैकल्पिक प्रकृतिका खाली ठाउँ भर्ने प्रश्नमा खाली ठाउँ भएका वाक्य दिई ती प्रत्येक वाक्यका पछाडि कोष्ठकमा विभिन्न वैकल्पिक शब्दहरू तिन/चार सङ्ख्यामा राखिएको हुन्छ र विद्यार्थीले विकल्पलाई छानेर खाली ठाउँमा भर्नुपर्ने हुन्छ । जोडा मिलाउने प्रकृतिका प्रश्नहरूमा खाली ठाउँ भर्ने आधार वाक्यका पछाडि वा अगाडि जति वटा खाली ठाउँ छन् त्यति नै सङ्ख्यामा शब्दहरू छ्यासमिस् गरी राखिएका हुन्छन् र उपयुक्त शब्द छानेर उपयुक्त ठाउँमा भर्नुपर्ने हुन्छ ।

### (ग) ठिक बेठिक छुट्याउने प्रश्न

ठिक बेठिक छुट्याउने प्रश्न पनि वस्तुगत प्रश्नको एउटा प्रमुख प्रकार हो । यसमा शुद्ध र अशुद्ध, उपयुक्त र अनुपयुक्त वाक्यहरू अर्थात् पचास प्रतिशत सही र पचास प्रतिशत गलत वाक्यहरू क्रमबद्ध रूपमा छ्यासमिस गरेर दिई शिरमा ठिक (✓) र बेठिक (✘) सही र गलत आदि सङ्केतद्वारा छुट्याउन लगाउने प्रकृतिका प्रश्नहरू यसअन्तर्गत पर्दछन् ।

(घ) **जोडा मिलाउने प्रश्न**

शब्द र अर्थ, वाक्य र तत्सम्बन्धी सङ्गति, कारक र विभक्ति, शब्द र शब्दभेद, विशेषण र विशेष्य, कारण र कार्य तथा बोध र स्मरणसम्बन्धी सुनिश्चित व्यक्ति, वस्तु र धारणा आदिसम्बन्धी कुराहरूलाई दुई समूहमा राखेर प्रायः पछिल्लो समूहलाई छ्यासमिस् बनाई अघिल्लो समूहको निर्देशित ठाउँमा पछिल्लो समूहको उपयुक्त सङ्केत उल्लेख गर्ने वा धर्को तानेर देखाउनुपर्ने किसिमका प्रश्नलाई जोडा मिलाउने प्रश्न भनिन्छ । यस्ता प्रश्नमा प्रायः उत्तर खण्ड बढी हुनुपर्ने मानिन्छ । जोडा मिलाउने प्रश्नको प्रयोग माथिल्ला कक्षामा भन्दा तल्ला कक्षाहरूमा बढी उपयोगी मानिन्छ ।

(ङ) **क्लोज र 'सी' परीक्षण**

पठनबोधसम्बन्धी सीपको परीक्षणको लागि उल्लिखित वस्तुगत प्रश्नको सट्टा क्लोज विधिद्वारा परीक्षण गर्ने प्रचलन पनि पाइन्छ । कुनै खास अनुच्छेद दिएर खास अन्तरालमा खास शब्दहरू हटाउँदै खाली ठाउँ राख्ने ती खाली ठाउँमा परीक्षार्थीले उपयुक्त शब्दहरू आपूर्ति क्लोज परीक्षणमा गर्नुपर्ने हुन्छ ।

सी परीक्षणलाई क्लोज विधिकै अर्को परिमार्जित प्रकार मानिन्छ । यसका अरू सबै प्रक्रियाहरू क्लोज विधिका जस्तै हुन्छन् । तर फरक यसमा दुईको नियम लागु हुन्छ र हरेक उद्धरणको सुरु र अन्त्यका वाक्यलाई जस्ताको तस्तै राखिन्छ । सुरुको दोस्रो वाक्यदेखि सुरु हुने हरेक दोस्रो शब्दको दोस्रो अंश हटाउँदै लगिन्छ । एउटा अक्षरले बनेको शब्दलाई गणना गरिँदैन । बिजोड अक्षर भएका ठुलो चाहिँ अंशलाई हटाइन्छ । उक्त हटाइएका अंशहरू विद्यार्थीले ठिकसँग पूर्ति गरेमा मात्र उत्तरलाई शुद्ध मानिन्छ ।

### २.२.८ विधागत वितरणको आधार

भाषा शिक्षणमा विभिन्न विधाहरूलाई विषयवस्तुको माध्यम बनाएर भाषिक सीपको सिकाइमा जोड दिइन्छ । भाषिक सीप हासिल गराउनको लागि विषयवस्तुको प्रयोग गर्नुपर्ने हुन्छ । विषयवस्तु विना भाषिक पाठ्यवस्तुहरूलाई प्रस्तुत गर्न नसकिने हुँदा विषयवस्तुलाई भाषाशिक्षणको आधार सामग्री मानिन्छ । यही विषयवस्तु प्रस्तुतिको भिन्नतालाई नै विधा भनिन्छ । विधाअन्तर्गत साहित्यका विविध स्वरूपहरू पर्दछन् । जस्तैः कथा, कविता, जीवनी, रूपक, प्रबन्ध/निबन्ध, चिठी आदि । यस्ता विधाबाट विषयवस्तुको ज्ञान, भाषिक अनुभव, बोध, शब्दभण्डारको विकास, विभिन्न किसिमका अभिव्यक्तिको रचना क्षमतामा वृद्धि,

शब्दोच्चारण, वर्णविन्यासको शुद्ध प्रयोग, साहित्यप्रति झुकाव, स्वाध्ययन गर्ने बानी, सृजनात्मक क्षमताको विकास आदिको अपेक्षा गर्न सकिन्छ । उपर्युक्त विधाहरूको माध्यमबाट खास खास भाषिक सीप र संरचनात्मक ढाँचा, वाक्यतत्त्वको अभ्यास तथा क्रियाकलाप गराउन सकिन्छ ।

### २.२.९ सीपगत वितरणको आधार

भाषाका चार सीपहरूलाई आधार मानेर भाषा पाठ्यपुस्तकभित्र विभिन्न प्रश्नहरू समावेश गर्नुपर्ने हुन्छ । भाषाशिक्षण गर्दा विषयवस्तुलाई भाषिक सीपको शिक्षणकै सन्दर्भमा उपयोग गर्नुपर्दछ । भाषाशिक्षणको मूल मर्म नै भाषिक सीपको सामर्थ्य अभिवृद्धि गर्नु भएकाले अभ्यास र प्रयोग पक्षलाई विशेष जोड दिनुपर्छ । भाषिक सीप वितरणको आधारमा अभ्यासहरू निर्माण गर्दा ती सीपहरू एकआपसमा अन्तरसम्बन्धित हुनुपर्दछ । विशेष गरी सुनाइ र बोलाइ बोधपक्षसँग सम्बन्धित भएकाले तल्ला तहका लागि उपयुक्त मानिन्छ भने पढाइ र लेखाइ अभिव्यक्ति पक्षसँग सम्बन्धित भएकाले माथिल्लो तहका लागि बढी उपयोगी मानिन्छ । सुनाइ र बोलाइ सीपको अभ्यासका लागि संवाद, वादविवाद, प्रश्नोत्तर, गायन, परिचयात्मक कार्यक्रम आदि गराउन सकिन्छ भने पढाइ र लेखाइ सीपको अभ्यासका लागि कथा, कविता, निबन्ध, दैनिकी जस्ता विधाको अध्ययन गराउन सकिन्छ । समग्रमा विद्यार्थीको उमेर, स्तर, तह अनुसार पाठ्यपुस्तकका सम्पूर्ण विधालाई समेट्ने गरी भाषाका चारै सीपको लेखाजोखा गर्ने खालका प्रश्नहरू निर्माण गर्नु सान्दर्भिक मानिन्छ ।

### भाषिक सीपको सङ्क्षिप्त परिचय

#### (क) सुनाइ सीप

भाषाका चार सीपहरूमध्ये सुनाइलाई भाषाको प्रारम्भिक र आधारभूत सीप मानिन्छ । भाषाको विकास श्रुतिबाटै आरम्भ हुने भएकाले श्रुतिबोध दक्षताको विकासलाई भाषाशिक्षणको प्रमुख आधारविन्दु मान्न सकिन्छ । सुनेर यदि बोध गर्न सकिएन भने यो सुनाइ सीपको प्रयोजन पुरा हुँदैन तसर्थ सुनेर बोध गर्नु अति आवश्यक कुरा हो ।

#### (ख) बोलाइ सीप

बोलाइ भाषाको दोस्रो आधारभूत र मौखिक अभिव्यक्तिको सीप हो । सुनाइको प्रतिक्रिया बोलाइमा र बोलाइको प्रतिक्रिया सुनाइमा पर्ने हुँदा यी दुई एक आपसमा अन्तरसम्बन्धित छन् । बोलाइ सीपलाई व्यवस्थित गर्न र गति दिन बोलाइ शिक्षणको

आवश्यकता पर्दछ । कुराकानी, प्रश्नोत्तर, वादविवाद, छलफल आदि क्रियाकलापबाट बोलाइ सीप शिक्षण गर्न सकिन्छ ।

(ग) **पढाइ सीप**

सुनाइ र बोलाइपछिको तेस्रो भाषिक सीप पढाइ हो । लिपिबद्ध सामग्रीलाई आँखा र मस्तिष्कका माध्यमबाट अर्थ ग्रहण गर्दै पढ्नुलाई पढाइ भनिन्छ । यसमा लिपि चिह्नहरूको पहिचान गर्न तथा लिपिमा प्रयोग गरिएका चिह्नहरूको भिन्नता छुट्याउन सक्नुपर्छ । पढाइ सामान्यतया सस्वर र मौन गरी दुई प्रकारको हुन्छ । प्रारम्भिक तहको पढाइ सस्वरपठन वा वाचनमा आधारित हुन्छ भने माथिल्लो तह वा कक्षाको पढाइ मौनपठनमा आधारित हुन्छ । पढाइ सीपलाई सक्रिय मानसिक प्रक्रिया समेत मान्नुपर्ने देखिन्छ (शर्मा र पौडेल, २०६८ : १४२) ।

(घ) **लेखाइ सीप**

लेखाइ सीप भाषिक सीप विकासको चौथो आधारभूत सीप हो । अभिव्यक्तिको मौखिक माध्यमलाई बोलाइ भनेर चिनिन्छ भने त्यसको लिखित माध्यम लेखाइ हो । टाढाटाढा रहेका व्यक्तिसम्म आफ्ना भावना पुऱ्याउन कुनै प्रसङ्ग वा विचारका कुरा दीर्घकालसम्म सञ्चित गरेर राख्नु, दैनिक व्यावहारिक कार्य सम्पन्न गर्न, सिर्जनात्मक प्रतिभाको विकास गर्न लेखाइ सीपको आवश्यकता पर्दछ (अधिकारी, २०५९ : १०४) ।

### २.२.१० भाषातत्त्वसम्बन्धी आधार

भाषाका आन्तरिक संरचना र नियमको व्याख्या एवम् विश्लेषण गर्ने तत्त्व व्याकरण हो । भाषाले व्याकरणलाई नभएर व्याकरणले भाषालाई पछ्याउँछ । व्याकरण भनेको भाषा प्रयोगमा अन्तर्निहित संरचना एवम् व्यवस्था भएकाले यसलाई पाठभन्दा अलग राखेर हेर्नु उपयुक्त हुँदैन र यसलाई औपचारिक, सैद्धान्तिक र बौद्धिक विषयका रूपमा लिनु हुँदैन । व्याकरणलाई प्रयोग प्रसङ्ग, सम्प्रेषणात्मक उपयुक्तता एवम् कार्यमूलक दृष्टिले ग्रहण गरेर सोही अनुरूप सरल र सहज ढङ्गले व्याकरण शिक्षण गराउनुपर्नेछ ।

निम्न माध्यमिक (कक्षा ६-८) तहदेखि क्रमशः सरल जटिलको क्रममा आगमनात्मक तरिकाले व्याकरणात्मक सुझ विकास गरी सामान्य नियम निर्माण र पालना गर्न सक्ने अभिप्राय राखेर व्याकरणात्मक प्रयोग र अभ्यासलाई अघि बढाइनु आवश्यक र उचित

मानिन्छ । खासगरी माध्यमिक तहसम्म व्याकरणका सूक्ष्म नियमहरू तर्फ नगई सजिलै छुट्याउन सकिने र ठुलो बौद्धिक कसरत गर्नु नपर्ने किसिमले व्याकरणात्मक नियम र संरचनात्मक अभिक्षमता सिकाउनु उपयुक्त मानिन्छ । लिङ्ग, वचन, पुरुष, आदर, काल, पक्ष, भाव, करण, अकरण, वाच्य आदि वाक्यतत्त्व र तिनको सङ्गति अनि शब्दवर्ग, शब्द निर्माण, वाक्य रचना र वाक्यका प्रकार आदि व्याकरणात्मक पक्षको मोटामोटी जानकारी एवम् प्रयोग क्षमतालाई आधार बनाई रोचक ढङ्गले भाषा शिक्षण सँगसँगै व्याकरण शिक्षणको व्यवस्था मिलाइनुपर्दछ (शर्मा र पौडेल, २०६८ : २१९) ।

### २.२.११ शब्दभण्डारसँग सम्बन्धित आधार

कुनै पनि भाषामा भएका र त्यस भाषाको प्रयोक्ताले प्रयोग गर्ने शब्दहरूको समष्टि नै शब्दभण्डार हो । पाठमा दिइएको अभ्यास, शब्दभण्डार वृद्धि हुने किसिमको हुनुपर्दछ । शब्दसम्बन्धी ज्ञान भाषिक सीप अभिवृद्धि गर्ने र शब्दभण्डार निर्धारण गर्न वा वृद्धि गर्ने ध्येयमा आधारित हुन्छ । शिक्षण सिकाइका सन्दर्भमा हरेक समयमा नयाँ नयाँ शब्दहरू प्रयोगमा आउँछन् । कतिपय शब्दहरू दोहोरिन्छन् । त्यति मात्र नभएर एउटै शब्दले विभिन्न संरचनात्मक आकृति लिएर देखा पर्न सक्छ । साथै प्रसङ्गअनुसार बेग्लाबेग्लै अर्थ र अभिप्राय बहन गरेर समेत प्रयोगमा आउने सम्भावना हुन्छ । पाठका अभ्यासमा दिइएका शब्दार्थ विद्यार्थीले बुझ्न सक्ने सरल र स्पष्ट हुनुपर्दछ । विद्यार्थीले पहिचान गरेका शब्द भण्डारबाट क्रमिक रूपमा कठिन शब्दहरूको समावेश पाठ्यपुस्तकमा गर्दै लैजानुपर्छ भने नयाँ शब्दको वितरण सबै पाठमा समानुपातिक ढङ्गबाट गर्नुपर्दछ । विद्यार्थीमा शब्दभण्डार सम्बन्धी ज्ञानका लागि पर्यायवाची, विपरीतार्थी, अनेकार्थी, श्रुतिसमभिन्नार्थी, पारिभाषिक, अनुकरणात्मक शब्द, उखानटुक्का जस्ता शब्दहरूको स्तर अनुसार छनोट गरी अभ्यास गराउनुपर्दछ ।

### २.२.१२ अभ्यासका विशेषता

(क) पर्याप्तता

कुनै पनि कुरा चाहिए जति, यथेष्ट तथा पर्याप्त मात्रामा उपलब्ध हुने व्यवस्था मिलाउनुलाई नै पर्याप्तता भनिन्छ । भाषा पाठ्य पुस्तकमा समावेश गरिने अभ्यासहरू विद्यार्थीको रुचि तथा विधा उपविधा अनुरूप प्रशस्त मात्रामा समावेश गरिनुपर्दछ ।

(ख) **स्तरीयता**

सम्बन्धित कक्षाका सिकारुको क्षमता, योग्यता, अनुभव अनुरूप हुनु नै अभ्यासमा स्तरीयता हो । कक्षा वा तहको स्तर र आवश्यकता हेरी हरेक पाठपछि उचित अभ्यासको व्यवस्था गरिएको हुनु पर्दछ ।

(ग) **विविधतामूलक**

भाषा पाठ्यपुस्तकका हरेक पाठपछि समावेश गरिने अभ्यासहरू एकै प्रकारका नभई विविध प्रकारका हुनु पर्दछ । लिखित, मौखिक तथा प्रयोगात्मक सबै प्रकारका अभ्यासको व्यवस्था गर्नुपर्दछ ।

(घ) **रुचिपूर्णता र सरलता**

भाषा पाठ्यपुस्तकमा समावेश गरिने अभ्यास विद्यार्थीको रुचिअनुरूप सरल र सहज किसिमका हुनुपर्दछ । अभ्यासहरू सरलदेखि जटिलको क्रममा पहिचानात्मक र प्रयोगात्मक तथा उत्पादनात्मक अभ्यासहरूलाई पनि व्यवस्थित रूपमा राखिनु पर्दछ ।

**२.२.१३ पाठ्यपुस्तकमा अभ्यासको आवश्यकता र औचित्य**

बालकमा भाषिक सीपको विकासमा सक्षमता हासिल गराउन अभ्यास अपरिहार्य हुन्छ । भाषिक सीप विकासमा सकारात्मक भूमिका निर्वाह गर्नका लागि भाषा पाठ्यपुस्तकका हरेक पाठका अन्त्यमा दिइएका सिकाइसँग सम्बन्धित प्रश्नहरूलाई नै अभ्यास भनिन्छ । भाषा पाठ्यपुस्तक भित्र अभ्यासको स्थान महत्त्वपूर्ण रहेको हुन्छ । भाषा शिक्षण अन्य विषयभन्दा फरक तरिकाले गराउनुपर्ने हुन्छ । विद्यार्थीका अन्तर्निहित रूपमा रहेका ज्ञान, सीप, क्षमतालाई प्रस्फुटन गराउन पठनपाठन पश्चात् विविध क्रियाकलापमा सहभागी गराउनुपर्दछ । यसका लागि अभ्यास महत्त्वपूर्ण साधन हो । भाषाशिक्षणमा उच्चारण, शब्दभण्डार, वाक्यरचना, श्रुतिबोध, पठनबोध, लेख रचनात्मक सीप, भाषिक ज्ञानजस्ता समग्र पक्षको क्रमशः अभ्यास गराई मूल्याङ्कन गराउनुपर्छ । सीप भन्ने कुरा जति अभ्यास गर्‍यो त्यति बढ्दै र परिष्कृत हुँदै जान्छ । अपरिमार्जित सीपलाई परिमार्जित तुल्याउन अभ्यासकै निरन्तरता चाहिन्छ । प्राप्त सीपलाई परिपोषण र परिष्कार गर्न निरन्तर अभ्यासकै पुनरावृत्ति गर्ने वा दोहोर्‍याउने अवसरको आवश्यकता पर्दछ । अभ्यास नभए सीपले परिमार्जन पाउँदैन र पुनरावृत्ति नभए त्यसले परिष्कृति पाउँदैन (शर्मा र पौडेल,

२०६८ : १) । विद्यार्थीले विषयवस्तुको के कति ज्ञान हासिल गरे, सीप विकाससम्बन्धी के कस्ता त्रुटि रहेका छन्, व्याकरणगत आधारमा कति ज्ञान रहेको छ भन्ने कुराको निर्क्योल निकाल्न भाषा पाठ्यपुस्तकमा नमुना अभ्यासको अत्यन्तै आवश्यकता र महत्त्व रहेको छ । नमुना अभ्यासमा विविध प्रकृतिका प्रश्नहरू समावेश गर्नुपर्दछ । अभ्यासका प्रश्नहरूकै माध्यमबाट शिक्षकलाई विद्यार्थीको मूल्याङ्कन  गर्न र आवश्यक पृष्ठपोषण दिएर सुधार गर्न विद्यार्थीमा देखिएका अन्योलताको अन्त्य गर्नका साथै विद्यालयदेखि लिएर घरसम्म बारम्बार पुनरावृत्ति गर्दै अभ्यासात्मक कार्यमा प्रेरित भइरहन  सहयोग पुग्दछ । भाषा पाठ्यपुस्तकमा विभिन्न विधाहरूलाई आधार बनाएर प्रत्येक पाठका पछाडि अभ्यास समावेश गरिन्छ । भाषाको प्रकार्यात्मक अथवा सम्प्रेषणात्मक उपयुक्तता र सान्दर्भिकता सम्बन्धी व्यावहारिक ज्ञान र सीप अभ्यासबाटै प्राप्त हुन्छ । भाषा पाठ्यपुस्तकभित्र अभ्यासहरू पनि एउटै प्रकारका नभई पर्याप्त विविधतामूलक हुनु आवश्यक हुन्छ । पाठको प्रकृति, प्रस्तुति ढाँचासँग मेल खाने गरी क्रमशः मौखिक, लिखित र प्रयोगात्मक अभ्यासको व्यवस्था मिलाउनु पर्दछ । साथै सम्बन्धित पाठबाट उपयुक्त व्याकरण अभ्यासको समेत व्यवस्था गरिएको हुन्छ ।

जुनसुकै विषयको सिकाइलाई क्रियाशील बनाउन अभ्यास आवश्यक देखिन्छ । अभ्यासमा प्रयोग गरिएका सामग्रीहरू गर र सिक भन्ने धारणाबाट समावेश गरिएका हुन्छन् । अभ्यासहरू पाठ्यक्रमका उद्देश्य पूरा गर्नका लागि तयार गरिएका हुन्छन् । अभ्यासलाई गृहकार्यको सामग्रीका रूपमा पनि लिइन्छ । अभ्यासले भाषिक र शैक्षिक समस्यालाई समाधान गर्ने, शिक्षार्थीका कमजोरीको निदान गर्ने र शिक्षकको अनुपस्थितिमा पनि सिकारुलाई भाषिक अभ्यासमा संलग्न गराउने भएको हुँदा भाषा पाठ्यपुस्तकमा नमुना अभ्यासको महत्त्व सराहनीय बन्न पुगेको छ ।

समग्रमा भन्नुपर्दा नमुना अभ्यास विना विद्यार्थीलाई भाषिक सीप विकासमा दक्ष बनाउन नसकिने, विधा एवम् उपविधाहरूमा दिइएका नमुना अभ्यासहरूले भाषिक कुशलताको विकासमा सहयोग पुऱ्याउने, मूल पाठकै आधारमा नमुना अभ्यास गराउने भएकाले भाषिक, कुशलता प्राप्तिका लागि यसको स्थान उच्च रहेको हुनाले भाषा पाठ्यपुस्तकमा अभ्यासको अत्यन्तै महत्त्व र आवश्यकता रहेको देखिन्छ ।

# अध्याय तीन

# शोधविधि र अध्ययन प्रक्रिया

## ३.१ शोधविधि

खास विषय क्षेत्रको अध्ययन गर्दा आवश्यक पर्ने नमुना छनोट, तथ्याङ्क सङ्कलन र तथ्याङ्कको विश्लेषण प्रक्रियालाई अध्ययन विधि भनिन्छ । शोधका क्रममा अँगालिने क्रमबद्ध नियम, तरिका वा कार्य प्रणालीलाई शोधविधि भनिन्छ । यसले शोधकार्य गर्नका लागि सामग्री सङ्कलन गर्दा निम्न माध्यमिक तह कक्षा सातको नेपाली पाठ्यपुस्तकलाई सामग्री सङ्कलनको प्रमुख स्रोतको रूपमा उपयोग गरिएको छ । यसमा सम्बन्धित विषयका अन्य पुस्तकलाई पनि सामग्री सङ्कलनको स्रोतका रूपमा लिइएको छ । अनुसन्धान कार्य पूरा गर्नका लागि कठोर परिश्रम तथा धैर्यको आवश्यकता पर्दछ । तसर्थ यस कार्यलाई औपचारिक एवम् व्यवस्थित रूपले अगाडि बढाउनुपर्दछ । अनुसन्धान कार्यमा विधिको उपयोग र अध्ययन प्रक्रियालाई स्पष्ट खुलाउनुपर्ने हुन्छ । जसको अभावमा अनुसन्धानले स्पष्ट गति लिन सक्दैन । अनुसन्धान कसरी सम्पन्न गरिएको छ भन्ने स्पष्ट पार्ने अनुसन्धान विधि सबैभन्दा महत्त्वपूर्ण मानिन्छ । यही विधिलाई आधार मानेर अध्ययन प्रक्रियालाई अगाडि बढाइन्छ । अध्ययन अनुसन्धान गर्दा विविध विधि तथा प्रक्रियाहरू अपनाइने गरिन्छ । अनुसन्धानलाई प्रमाणिक र विश्वसनीय बनाउन सामग्रीले विशेष भूमिका खेलेको हुन्छ । प्रस्तुत 'कक्षा दसको नेपाली पाठ्यपुस्तकको कथा र कविता विधामा प्रयुक्त नमुना अभ्यासको अध्ययन' नामक शोधकार्यमा पुस्तकालयीय अध्ययनको प्रयोग गरी प्राथमिक द्वितीयक स्रोतबाट सामग्री सङ्कलन गरिएको छ ।

## ३.२ अध्ययनको ढाँचा

प्रस्तुत अध्ययनको ढाँचालाई पाँच अध्यायमा सङ्क्षिप्त रूपमा निम्नअनुसार कक्षा दसको नेपाली पाठ्यपुस्तकको कथा र कविता विधामा प्रयुक्त नमुना अभ्यासको अध्ययन शीर्षकअन्तर्गत अध्याय एक, अध्याय दुई, अध्याय तिन, अध्याय चार र अध्याय पाँच गरी जम्मा अध्यायमा विभाजन गरिएको छ । यसका पनि विभिन्न उपशीर्षकहरू रहेका छन् । अध्याय एक शोध परिचय रहेको छ । जसअन्तर्गत पृष्ठभूमि, समस्याकथन, अध्ययनको उद्देश्य, अध्ययनको औचित्य, अध्ययनको सीमा, अध्ययनको रूपरेखाजस्ता उपशीर्षकहरू

रहेका छन् । अध्याय दुईमा पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणा आदि शीर्षक उपशीर्षकहरू रहेका छन् । अध्याय तिनमा शोधविधि तथा अध्ययन प्रक्रिया, अध्याय चारमा व्याख्या र विश्लेषणसँग सम्बन्धित शीर्षक रहेको छ भने अध्याय पाँचमा सारांश, निष्कर्ष र उपयोगिता, सन्दर्भ सामग्री सूची, परिशिष्ट र व्यक्तिवृत्त रहेका छन् ।

प्रस्तुत शोधपत्रमा अभ्यासात्मक प्रयोजनका दृष्टिले प्रश्नहरूको अध्ययन गर्ने उद्देश्य राखिएको छ । पाठ्यक्रम अनुरूपता छ कि छैन भन्ने विषयमा पनि प्रस्तुत शोध केन्द्रित रहेको छ । समाविष्ट अभ्यासकै माध्यमबाट निर्देशन, गृहकार्य, परीक्षण, पुनरावृत्ति तथा प्रोत्साहनका लागि मद्दत पुग्ने अपेक्षा राखिएको छ । अभ्यासलाई भाषा पाठ्यपुस्तकमा पाठ्य पुस्तकको मूल स्तम्भको रूपमा स्वीकार गरिएको पाइन्छ । अभ्यासको निर्माण गर्दा विशेष गरी विद्यार्थीको शैक्षिक स्तरलाई ध्यान दिनु पर्ने हुन्छ । तल्ला कक्षाहरूमा मौखिक अभिव्यक्ति सीपलाई जोड दिनुपर्दछ भने माथिल्ला कक्षाहरूमा लेखाइ सीपलाई बढी जोड दिनु आवश्यक देखिन्छ । अभ्यासमा समावेश गरिने प्रश्नले खास गरी बोध, अभिव्यक्ति, व्याख्या, समीक्षा, सार, भावार्थ, रचना जस्ता कुराहरूको प्रतिनिधित्व गर्न सक्नुपर्दछ ।

## ३.३ जनसङ्ख्या र नमुना छनोट रणनीति

अनुसन्धानले तोकेको क्षेत्रभित्र पर्ने लक्षित समूह वा अनुसन्धानकर्ताद्वारा अनुसन्धान गर्नका लागि छनोट गरिएको समूह नै जनसङ्ख्या हो । प्रस्तुत शोधपत्रमा कक्षा दसको वर्तमान नेपाली पाठ्यपुस्तकको कथा र कविता विधामा समाविष्ट अभ्यासलाई जनसङ्ख्याका रूपमा लिइएको छ । कक्षा दसको नेपाली पाठ्यपुस्तकको कथा र कविता विधाका अभ्यास खण्डमा पाठगत आधारमा अभ्यासको अध्ययन गरी अभ्यासमा देखिएका सबल र दुर्बल पक्ष पत्ता लगाई समाधानका लागि सुझाव प्रदान गर्ने जस्ता कुरालाई अध्ययनको क्षेत्रका रूपमा लिइएको छ ।

## ३.४ सामग्री सङ्कलनका स्रोत

शोधसँग सम्बद्ध विभिन्न सामग्रीहरूको खोज गरी तिनलाई एकत्रित गर्ने कामलाई सामग्री सङ्कलन भनिन्छ (शर्मा र लुइँटेल, २०६८ : २९) । प्रस्तुत 'कक्षा दसको नेपाली पाठ्यपुस्तकको कथा र कविता विधामा प्रयुक्त नमुना अभ्यासको अध्ययन' शोधकार्यमा सामग्री सङ्कलनका निम्ति निम्न स्रोतको उपयोग गरिएको छ ।

### ३.४.१ प्राथमिक स्रोत

प्रस्तुत अध्ययनमा नेपाल सरकार, शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र सानोठिमी, भक्तपुरद्वारा प्रकाशित कक्षा दसको नेपाली भाषा पाठ्यक्रम र पाठ्यपुस्तकलाई सामग्री सङ्कलनको प्राथमिक स्रोत मानी अध्ययन गरिएको छ ।

### ३.४.२ द्वितीयक स्रोत

प्रस्तुत अध्ययनमा नेपाली विषयका पाठ्यपुस्तक, विभिन्न, पुस्तकहरू, अप्रकाशित शोधपत्रहरू, पत्रपत्रिका, जर्नलहरू, विभिन्न व्यक्तिका टिप्पणी, लेख, राय, सुझाव आदिलाई सामग्री सङ्कलनको द्वितीयक स्रोतका रूपमा उपयोग गरिएको छ ।

## ३.५ अध्ययन प्रक्रिया

प्रस्तुत 'कक्षा दसको नेपाली पाठ्यपुस्तकको कथा र कविता विधामा प्रयुक्त नमुना अभ्यासको अध्ययन' शोधकार्यमा प्राथमिक र द्वितीयक स्रोतबाट सङ्कलन गरिएका सामग्रीलाई वर्णनात्मक एवम् विश्लेषणात्मक विधिद्वारा प्रस्तुत गरिएको छ । प्रस्तुत शोधकार्य मूल समस्यामा केन्द्रित भई उक्त समस्यासँग सम्बन्धित सामग्रीको सङ्कलन पुस्तकालयीय अध्ययनबाट गरिएको छ । यसको प्रक्रिया निम्न अनुसार रहेको छ :

- सम्बन्धित विषयको पाठ्यक्रम अध्ययन गरिएको छ ।
- सम्बन्धित तहको सम्बन्धित विषयको पाठ्यपुस्तकमा समाविष्ट अभ्यासहरूको अध्ययन गरिएको छ ।
- कथा विधाअन्तर्गतका चारवटा र कविता विधाअन्तर्गतका तिनवटा गरी जम्मा सातवटा पाठबाट सामग्री सङ्कलन गरिएको छ ।
- सङ्कलित सामग्रीलाई वर्णनात्मक विवरणात्मक र विश्लेषणात्मक विधिका साथै तुलनात्मक विधिद्वारा समेत प्रस्तुत गरिएको छ ।

# अध्याय चार

# व्याख्या तथा विश्लेषण

## ४.१ विषय प्रवेश

प्रस्तुत अध्यायअन्तर्गत माध्यमिक शिक्षा पाठ्यक्रम २०७१ अनुरूप निर्मित कक्षा दसको नेपाली विषयको कक्षा र कविता विधाअन्तर्गतका जम्मा सातवटा पाठहरूमा समाविष्ट अभ्यासहरूको अध्ययन गरिएको छ । समाविष्ट अभ्यासहरूको अध्ययन गर्ने क्रममा कुन प्रकारका अभ्यासहरू समावेश गरिएका छन्, तिनीमहरूको वर्गीकरण गर्नुका साथै वर्तमान कक्षा दशको पाठ्यक्रमका उद्देश्य पूरा गर्न पाठ्यपुस्तकमा विभिन्न स्वरूपको अभ्यासहरू समावेश गरिएको पाइन्छ । भाषा शिक्षणका लागि अभ्यासहरू (प्रश्नहरू) अभ्यासात्मक र परीक्षणात्मक दुवै प्रयोगका लागि उपयोग गरिन्छन् । यस्ता प्रश्नहरू व्यक्तिनिष्ठ वा विषयगत, वस्तुगत तथा अन्य अभ्यासात्मक प्रश्नहरू पर्दछन् । विषयगत प्रश्नअर्न्तगत लामा उत्तर आउने र सङ्क्षिप्त उत्तरात्मक लामो उत्तर आउने र सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरू पर्दछन् भने वस्तुगत, प्रश्नअन्तर्गत खाली ठाउँ भर्ने, जोडा मिलाउने, बहुवैकल्पिक र ठिक वेठिक छुट्याउने तथा क्लोज र 'सी' परीक्षण गर्ने प्रश्नहरू पर्दछन् । यसरी पाठ्यपुस्तकमा समावेश गरिएका प्रश्नको स्वरूप, आकारप्रकार तथा सिपपरक वर्गीकरणका आधारमा समेत प्रस्तुत गरी तिनको व्याख्या र विश्लेषण गरिएको छ । यसरी कक्षा दसको नेपार्ला पाठ्यपुस्तकको कथा र कविता विधामा प्रयुक्त नमुना अभ्यासलाई विधागत पाठ अनुरूप प्रश्नको स्वरूप र सिपगत आधारमा जोड दिइएको छ ।

## ४.२ कक्षा दसको नेपाली पाठ्यपुस्तकमा कथा र कविता विधामा प्रयुक्त अभ्यासहरूको स्थिति

नेपाल एउटा बहुभाषिक मुलुक हो । नेपाली भाषा नेपालको राष्ट्र भाषा हो । नेपाली भाषा नेपालमा बसोबास गर्ने नेपाली बाहेक अन्य मातृभाषा (मैथिली, भोजपुरी, तामाङ, थारुवानी, दनुवारी आदि) हुनेहरूका लागि पनि विचार आदानप्रदान गर्ने सम्पर्क भाषाको रूपमा स्थापित छ । नेपाली भाषा सम्पर्क, सञ्चार तथा सरकारी कामकाजमा प्रयोग हुने भाषा पनि हो । विद्यालयमा प्रारम्भिक कक्षादेखि स्नातकोत्तर तहसम्म माध्यम भाषाका रूपमा नेपाली पाठ्यांशको विकास भइरहेको छ । त्यति मात्र होइन नेपाली भाषालाई पहिलो,

दोस्रो र विदेशी भाषाका रूपमा शिक्षण गर्ने भिन्नाभिन्नै प्रयत्नहरू भइरहेका छन् । अतः विद्यालय तहको शैक्षिक कार्यकलापमा नेपाली भाषाको महत्त्वपूर्ण स्थान रहेको छ । प्रारम्भिक कक्षादेखि अनिवार्य रूपमा पठनपाठन हुने यस विषयलाई प्रभावकारी एवम् व्यावहारिक ढङ्गले शिक्षण गरिनु पर्दछ । अतः नेपाली भाषापाठ्यक्रमले राष्ट्रिय भाषाको विकास र प्रवर्द्धनमा समेत टेवा पुऱ्याउन सक्नुपर्ने कुरा मननयोग्य छ । नेपालमा विभिन्न भाषाभाषीको बसोबास भएकाले विभिन्न पाठ्यक्रमले विविध क्षेत्र र भाषाभाषीलाई समन्वयात्मक रूपले महत्त्व दिनु जरुरी छ ।

यसरी नेपाली भाषा शिक्षणका निर्धारित उद्देश्य प्राप्त गर्न भाषाका पाठ्यवस्तु छनोटमा विविधता देखापरेको छ । हरेक पृष्ठभूमिबाट आउने विद्यार्थीहरूको पूर्वक्षमता, आवश्यकता, रुचि र मानसिक क्षमताअनुरूप पाठ्यपुस्तकको निर्माण गरिएको छ । भाषा पाठ्यपुस्तकमा समावेश गरिने पाठहरूमा विधागत सन्तुलन मिलाइनुका साथै मातृभाषी र विमातृभाषी क्षेत्रको समेत समान पहुँच र महत्त्व दिने विषय क्षेत्रलाई समेटिएको छ । साथै पाठसापेक्ष अभ्यासको प्रशस्त अवसर प्रदान गर्न उपयुक्त किसिमका नमुना अभ्यासको संयोजन गरिएको छ । भाषा पाठ्यपुस्तकमा कुनै पनि जात, धर्म, पेशा, वर्ग, सम्प्रदाय/समुदायका व्यक्तिलाई आक्षेप लाग्ने वाव आघात पर्ने विषयवस्तु र अभ्यास समावेश गरिएको छैन । अपाङ्ग, आदिवासी, जनजाति तथा लैङ्गिक समानताको कदर र संरक्षण गर्दै उनीहरूलाई  शिक्षण सिकाइप्रति बढी  प्रेरित गर्ने खालका नमुना अभ्यास समावेश गरिएको छ । अतः पाठ्यपुस्तक हरेकका लागि एउटै शिक्षण विधिको प्रयोगलाई निरुत्साहित गरी परिस्थितिजन्य शिक्षण विधिको उपयोग गर्न अभ्यासले जोड दिएको छ । त्यस्तै मूल्याङ्कनका लागि पनि फरक फरक विधि तथा प्रविधि उपयोगमा ध्यान पुऱ्याउन सचेत गराइएको छ । भाषा पाठ्यपुस्तकको विस्तारमा सचेतता अपनाउनुका साथै भाषिक सिपहरूको विकासका लागि विविधीकृत अभ्यासको संयोजनमा पनि विशेष ध्यान दिइएको छ । संसारमा क्षण प्रतिक्षण भइरहेको ज्ञानको विस्फोट र शिक्षणका विभिन्न प्रविधिहरूको सामयिक प्रवर्तनको प्रभाव नेपाली शिक्षणमा ढिलै भएपनि विस्तारै पर्दै गएग्को देखिन्छ । त्यसैले हाल नेपालमा देशभर एकै प्रकारको शिक्षा लागु गर्ने नीतिअनुरूप एउटै पाठ्यक्रम र पाठ्यपुस्तकको विकास गरी पठनपाठन गरिँदै आइएको छ । यसरी पठनपाठनको क्रमलाई अगाडि बढाउँदा हरेक प्रकारका भाषाभाषीलाई नेपाली भाषामा पर्याप्त अभ्यासको अवसर प्रदान गरी पाठ्यपुस्तकमा नमुना अभ्यासहरूको समायोजन गरिएको छ ।

नेपाली भाषा शिक्षणको सफलता र असफलता पाठ्यपुस्तकमा समावेश गरिने नमुना अभ्यासमा निहित हुने कुरा मननयोग्य छ । अतः नेपाली पाठ्यपुस्तकमा नमुना अभ्यासलाई संयोजन गर्दा सबै किसिमका भाषाभाषीका लागि सुसिक्य हुने गरी तयार गरिनु वाञ्छनीय छ । यदि कुनै वर्ग वा भाषाभाषी विशेषसँग केन्द्रित भएर नमुना अभ्यासको तर्जुमा गरियो भने त्यसले पठनपाठनमा नकारात्मक प्रभाव पार्दछ । अतः शैक्षिक क्षति न्यूनीकरण गरी बढीभन्दा बढी उद्देश्यपूर्ण गराउन नमुना अभ्यासको भूमिका सर्वोपरी हुने कुरा उल्लेख्य छ ।

## ४.३ भाषिक सिपगत वितरणका आधारमा अभ्यासको अध्ययन

भाषिक शिक्षण भाषिक सिप विकासको मूल ध्येयमा केन्द्रित रहन्छ । भाषामा सुनाइ, बोलाइ, पढाइ र लेखाइ सबै क्षेत्रको समानुपातिक सिप विकास गराउनका लागि अभ्यासको छनोट गर्नु पर्दछ । हरेक विधाअन्तर्गत पाठहरूमा राखिने अभ्यास भाषिक सिप विकासका लागि छनोट गरिन्छ । माध्यमिक शिक्षा पाठ्यक्रम २०७१ अनुरूप कक्षा १० को नेपाली पाठ्यपुस्तकमा सुनाइ, बोलाइ, पढाइ र लेखाइ अर्थात् बोध र अभिव्यक्ति पक्षको विकास गर्ने धारणा अनुरूप अभ्यास समेटिएका छ । कक्षा १० को नेपाली पाठ्यपुस्तकको कथा र कवितामा विधामा प्रयुक्त अभ्यास खण्डमा सिपगत आधारमा रहेका अभ्यासको विवरण निम्नानुसार छ :

**तालिका १**

**भाषिक सिपगत वितरणका आधारमा कथा विधाका अभ्यासको स्थिति**

| क्र.सं. | शब्दको किसिम | सुनाइ | बोलाइ | पढाइ | लेखाइ | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | जन्म भूमि | ३ | ४ | ४ | ६ | १७ | २३.२९ |
| २ | प्रत्यागमन | ४ | ६ | ५ | ६ | २१ | २८.७७ |
| ३ | लक्ष्मी पूजा | ३ | ३ | ४ | १० | २० | २७.३९ |
| ४ | माउजङ बाबुसोहबको कोट | ३ | ३ | ४ | ५ | १५ | २०.५४ |
| | जम्मा | १३ | १६ | १७ | २७ | ७३ | ७३ |
| | प्रतिशत | १७.८० | २३.२९ | २३.२९ | ३६.९८ | १०० | १०० |

तालिका २

**भाषिक सिपगत वितरणका आधारमा कविता विधाका अभ्यासको स्थिति**

| क.सं. | शब्दको किसिम | सुनाइ | बोलाइ | पढाइ | लेखाइ | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | सन्तुष्टि | ३ | ४ | ३ | ७ | १७ | ३०.९० |
| २ | वर्षा | ४ | ४ | ५ | ६ | १९ | ३४.५५ |
| ३ | म सडक बोल्दै छु | ३ | ४ | २ | १० | १९ | ३४.५५ |
| | जम्मा | १० | १२ | १० | २३ | ५५ | १०० |
| | प्रतिशत | १८.१८ | २१.८१ | १८.१८ | ४१.८१ | - | १०० |


माथिको तालिका नं. ३ को अभ्ययनबाट कक्षा १० को नेपाली पाठ्यपुस्तकको कथा विधाको अभ्यास खण्डअन्तर्गतका प्रश्नहरूको स्थिति हेर्दा सिपगत आधारमा सुनाइ सिपसँग सम्बन्धित प्रश्नहरू जम्मा १३ वटा रहेको देखिन्छ । त्यस्तै बोलाइ सिपअन्तर्गत १६ वटा प्रश्न, पढाइ सिपअन्तर्गत १७ वटा प्रश्न र लेखाइ सिपअन्तर्गत २७ वटा प्रश्न समावेश गरिएको देखिन्छ । जम्मा प्रश्न सङ्ख्या ७३ वटा लाई १०० प्रतिशत मानेर विश्लेषण गर्दा सुनाइ सिपअन्तर्गतका प्रश्न १७.८० प्रतिशत, बोलाइ सिपअन्तर्गतका प्रश्न २१.९१ प्रतिशत, पढाइ सिपअन्तर्गतका प्रश्न २३.२९ प्रतिशत र लेखाइ सिपअन्तर्गतका प्रश्न ३६.९८ प्रतिशत रहेको देखिन्छ । सबैभन्दा कम प्रश्न सुनाइ सिपअन्तर्गतका जम्मा १७.८० प्रतिशत देखिन्छ भने सबैभन्दा बढी प्रश्न लेखाइ सिपअन्तर्गत ३६.९८ प्रतिशत देखिन्छ । बोलाइ सिपअन्तर्गत २१.९१ प्रतिशत र पढाइ सिपअन्तर्गत २३.२९ प्रतिशत समावेश गरिएको देखिन्छ । पाठगत आधारमा हेर्दा जन्मभूमि कथामा १७ वटा प्रश्न, प्रत्यागमन कथामा २१ वटा प्रश्न, लक्ष्मीपूजा कथामा २० वटा प्रश्न र माउजङ बाबुसाहेबको कोट' कथामा १५ वटा प्रश्न रहेको देखिन्छ । सिपगत सन्तलनका आधारमा सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपअन्तर्गतका प्रश्नको स्थिति उपयुक्त नै मान्नुपर्ने देखिन्छ ।

माथिको तालिका नं. ४ को अध्ययनबाट कक्षा १० को नेपाली पाठ्यपुस्तकको कविता विधाको अभ्यासखण्डअन्तर्गतका प्रश्नहरूको अवस्थिति हेर्दा सिपगत आधारमा सुनाइ

सिपसँग सम्बन्धित प्रश्नहरू जम्मा १० वटा, बोलाइ सिपसँग सम्बन्धित प्रश्नहरू जम्मा १२ वटा, पढाइ सिपसँग सम्बन्धित प्रश्नहरू जम्मा १० वटा र लेखाइ सिपसँग सम्बन्धित प्रश्नहरू जम्मा २३ वटा रहेको देखिन्छ । जम्मा प्रश्न सङ्ख्या ५५ लाई १०० प्रतिशत मानेर विश्लेषण गर्दा सुनाइ सिपअन्तर्गतका प्रश्न १८.१८ प्रतिशत, बोलाइ सिपअन्तर्गतका प्रश्न २१.८१ प्रतिशत, पढाइ सिपअन्तर्गतका प्रश्न १८.१८ प्रतिशत र लेखाइ सिपअन्तर्गतका प्रश्न ४१.८१ प्रतिशत समावेश गरिएको देखिन्छ । सबैभन्दा कम सुनाइ र पढाइ सिपअन्तर्गत १८.१८ प्रतिशत प्रश्न र सबै भन्दा बढी लेखाइ सिपअन्तर्गत ४१.८१ प्रतिशत रहेको देखिन्छ । बोलाइ सिपअन्तर्गत भने २१.८१ प्रतिशत प्रश्नहरू समावेश गरिएको देखिन्छ । पाठगत आधारमा हेर्दा 'सन्तुष्टि' कविताअन्तर्गत जम्मा १७ वटा प्रश्न, 'वर्षा' कविताअन्तर्गत १९ वटा प्रश्न र 'म सडक बोल्दै छु' कविताअन्तर्गत जम्मा १९ वटा प्रश्न समावेश गरिएको देखिन्छ । कविता विधाका पाठहरू मध्ये सबैभन्दा बढी प्रश्न 'म सडक बोल्दै छु' र 'वर्षा कवितामा समान १९ वटा प्रश्न र सबैभन्दा कम 'सन्तुष्टि' कवितामा जम्मा १७ वटा प्रश्न समावेश गरिएको देखिन्छ । सिपगत सन्तुलनका दृष्टिले कविता विधाका अभ्यासमा समावेश गरिएका प्रश्नहरू उपयुक्त रहेको देखिन्छ ।


यसरी कविता र कथा दुवै विधाका अभ्यासहरूको तथ्याङ्कलाई स्तम्भ चित्रमा देखाइएको छ :

**भाषिक सिपगत वितरणका आधारमा कथा विधाका अभ्यासको स्थिति**



उपर्युक्त स्तम्भ चित्रको अध्ययनबाट सबैभन्दा कम प्रश्न सुनाइ सिपअन्तर्गत देखिन्छ भने सबैभन्दा बढी प्रश्न लेखाइ सिपअन्तर्गत भएको प्रस्ट हुन्छ । बोलाइ र पढाइ सिपअन्तर्गत रहेका प्रश्नहरूको प्रतिशत क्रमशः २१.९१ र २३.२९ रहेको देखिन्छ भने सुनाइ र लेखाइ सिपअन्तर्गतका सिपगत प्रश्नहरूको स्थिति क्रमश १७.८० प्रतिशत र ३६.९८ प्रतिशत रहेको देखिन्छ ।

**भाषिक सिपगत वितरणका आधारमा कविता विधाका अभ्यासको स्थिति**




उपर्युक्त स्तम्भ चित्रको अध्ययनबाट सबैभन्दा कम प्रश्न सुनाइ र पढाइ सिपअन्तर्गत समान १८.१८ प्रतिशत रहेको देखिन्छ भने सबैभन्दा बढी प्रश्न लेखाइ सिपअन्तर्गत ४१.८१ प्रतिशत रहेको देखिन्छ । बोलाइ सिपअन्तर्गत जम्मा २१.८१ प्रतिशत प्रश्नहरू रहेको तथ्याङ्क माथिको स्तम्भ चित्रबाट स्पष्ट हुन्छ ।

## ४.४ पाठ्यक्रम अनुरूपताका आधारमा कथा र कविता विधामा प्रयुक्त अभ्यासको विश्लेषण

भाषा सिकाइमा अभ्यासलाई सिकाइ क्रियाकलापको आधारमा रूपमा लिइन्छ । भाषाको सम्पूर्ण दक्षता हासिल गर्न अभ्यास आवश्यक हुन्छ । भाषाको संरचनाको ज्ञान व्याकरण अध्ययनबाट पनि हुन्छ तर भाषाको प्रयोग गर्दा भने त्यसमा अभ्यस्त हुनु

आवश्यक छ । त्यसैले भाषा पाठ्यपुस्तकमा प्रशस्त नमुना अभ्यासको व्यवस्था गरिएको छ । कुनै व्यवहार वा सिपलाई दोहोऱ्याई तेहेऱ्याई गरेर पूर्ण ज्ञान प्राप्त गर्नु नै अभ्यास हो ।

पाठ्यक्रमको सबैभन्दा महत्त्वपूर्ण अङ्ग उद्देश्य हो । उद्देश्यकै आधारमा विषयवस्तुको छनोट, शिक्षण प्रक्रिया तथा मूल्याङ्कन प्रक्रियालाई अगाडि बढाइन्छ । नमुना अभ्यासमा विद्यार्थीका लागि अभ्यास गर्ने प्रशस्त अवसर दिइएको छ । उक्त अभ्यास पाठ्यक्रमको उद्देश्य प्राप्तिमा सहयोग पुऱ्याउने खालको देखिन्छ । नमुना अभ्यासले शिक्षक तथा विद्यार्थी दुबैका लागि थप क्रियाकलाप गर्न मार्गदर्शन गरेको देखिन्छ । यसबाट नै पाठ्यक्रमको निर्दिष्ट उद्देश्य प्राप्तिमा सम्भव देखिन्छ । पाठ्यक्रमका उद्देश्यलाई यहाँ मुख्य दुई तरिकाले वर्गीकरण गरी सोही बमोजिम नमुना अभ्यासको विश्लेषण गरिएको छ ।

(१) सिपगत आधारमा

(२) तहगत आधारमा

सिपगत आधारमा पाठ्यक्रमका उद्देश्यको वर्गीकरण पाठ्यक्रममा नै स्पष्ट रूपमा गरिएको छ । भाषाका चारवटा सिपहरू सुनाइ, बोलाइ, पढाइ र लेखाइको विकास गर्ने उद्देश्यले नमुना अभ्यासहरू पाठ्यपुस्तकमा समावेश गरिएको छ । ती मध्ये (१) ज्ञान तहमा विषयवस्तुको ज्ञानलाई जोड दिने खालका अभ्यासहरूलाई राखिएको छ । यस्ता अभ्यासमा भाषिक सिप विकासका कार्यकलापभन्दा विषयवस्तुगत संज्ञानात्मक क्षेत्रसँग सम्बन्धित अभ्यासमा जोड दिइएको छ । (२) बोध तहमा कुनै विषय पढेर, सुनेर अर्थात् ग्रहण गरेका आधारमा बुझ्ने र अरूलाई बुझाउने क्षमता वा सिप सम्बद्ध अभ्यासलाई समावेश गरिएको छ । यस खालका अभ्यासमा विद्यार्थीको बोध क्षमता विकास गर्ने क्रियाकलापहरू अगाडि सारिएको छ । (३) व्यावहारिक सिपसम्बद्ध अभ्यासहरूमा विद्यार्थीले सिकेका कुरालाई व्यवहारमा देखाउने खालका क्रियाकलापहरू समेटिएका हुन्छन् । यस्ता अभ्यासहरू मूलतः अभिव्यक्तिपरक देखिन्छन् । यसैगरी भाषातत्वका रूपमा व्याकरण अभ्यास व्यावहारिक सिप सम्बद्ध देखिन्छन् । (४) उच्च दक्षताको तहमा विद्यार्थीले संज्ञानात्मक एवम् बोध दुबै प्रकारका दक्षतालाई अभिव्यक्ति गर्ने क्रियाकलापसँग सम्बन्धित अभ्यासहरूलाई समेटिएको छ । यस्ता क्रियाकलापमा कुनै कुराको खण्डनमण्डन, विवेचना गर्ने, स्पष्टीकरण दिने, विश्लेषण गर्ने, सारांश लेख्ने, व्याख्या आदि अभ्यासलाई समेटिएको छ ।

## ४.५ कथा र कविता विधामा समावेश गरिएका प्रश्नहरूको स्वरूपका आधारमा विश्लेषण

माध्यमिक शिक्षा पाठ्यक्रम २०७१ अनुरूप तयार गरिएको कक्षा दसको नेपाली पाठ्यपुस्तकको कथा र कविता विधामा समाविष्ट अभ्यासहरू निम्नअनुसार छन् :

तालिका ३

कथा र कविता विधामा समावेश गरिएका प्रश्नहरूको स्वरूप

<table>
<tr><th>क.सं.</th><th colspan="3">प्रश्नको स्वरूप</th></tr>
<tr><td rowspan="2">१</td><td rowspan="2">विषयगत प्रश्न</td><td>निबन्धात्मक प्रश्न</td><td>भाव स्पष्ट पार्ने, व्याख्या गर्ने, विवेचना गर्ने, तर्कद्वारा पुष्टि गर्ने</td></tr>
<tr><td>सङ्क्षिप्त उत्तरात्मक प्रश्न</td><td>प्रश्नोत्तर, शब्दार्थ, वाक्य निर्माण, कारण दिने लिङ्ग परिवर्तन वचन परिवर्तन, वाक्य परिवर्तन विपरीतार्थी अर्थ लेखन आदि</td></tr>
<tr><td>२</td><td>वस्तुगत प्रश्न</td><td colspan="2">खाली ठाउँ भर्ने, जोडा मिलाउने, बहुवैकल्पिक, ठिक, बेठिक छुट्याउने, क्लोज र 'सी' परीक्षण</td></tr>
</table>


माथि तालिकामा उल्लेख गरिए अनुसारका प्रश्नहरूको स्वरूपगत ढाँचामा रही यहाँ ती प्रश्नहरूको कुन पाठअन्तर्गत के कस्तो स्थिति रहेको छ भनी तालिकामा दिइएको छ :

### तालिका ४

### कथा विधामा समावेश गरिएका प्रश्नहरू

| क.सं. | प्रश्नको स्वरूप | वाक्यमा प्रयोग | सिर्जना | सङ्क्षिप्त उत्तर | लामो उत्तर | वस्तुगत | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | जन्मभूमि | ५ | १ | १५ | ३ | – | २४ |
| २ | प्रत्यागमन | – | १ | २६ | ७ | ११ | ४५ |
| ३ | लक्ष्मीपूजा | १० | १ | १४ | २ | ७ | ३४ |
| ४ | माउजङ बाबुसाहेबका कोट | ११ | १ | १८ | ३ | – | ३३ |
| | जम्मा | २६ | ४ | ७३ | १५ | १८ | १३६ |
| | प्रतिशत | १९.११ | २.९४ | ५३.६७ | ११.०२ | १३.२३ | १०० |

उपर्युक्त तथ्याङ्कलाई निम्न अनुसार स्तम्भ चित्रमा देखाई व्याख्या तथा विश्लेषण गरिएको छ :




प्रस्तुत तालिकाअनुसार स्तम्भचित्रमा समेत प्रश्नको स्वरूप र अवस्थिती देखाइएको छ । कथा विधमा जम्मा ४ वटा पाठहरू जन्मभूमि, प्रत्यागमन, लक्ष्मीपूजा र माउजङ बाबुसाहेबको कोट समावेश गरिएको छ । यी ४ वटा पाठमा जम्मा १३६ वटा प्रश्नहरूलाई

तालिकामा देखाइएको छ । यसबाहेक श्रुतिलेखन, शद्ध उच्चारण, सस्वर वाचन, अनुलेखन उच्चारण लेखनलाई यहाँ १३६ वटा प्रश्नलाई १०० प्रतिशत मानेर विश्लेषण गर्दा वाक्यमा प्रयोगअन्तर्गत जम्मा २६ वटा प्रश्न र १९.११% अवस्थिति देखिन्छ भने सिर्जनात्मक अभ्यासअन्तर्गत जम्मा ४ वटा प्रश्न अर्थात् २.९४ प्रतिशत सङ्क्षिप्त उत्तर दिने प्रश्नहरू जम्मा ७३ वटा अर्थात् कुल प्रश्नको ५३.६७ प्रतिशत, त्यस्तै लामो उत्तर दिनुपर्ने प्रश्न १५ अर्थात् कुल प्रश्नको ११.०२ प्रतिशत र वस्तुगत प्रश्न जम्मा १८ अर्थात् कुल प्रश्नको १३.२३ प्रतिशत रहेको देखिन्छ ।

उपर्युक्त तालिका र स्तम्भचित्रको आधारमा कथा विधामा, समावेश गरिएका प्रश्नहरू स्वरूपगत आधारमा समानुपातिक नै देखिन्छ । यहाँ ती अभ्यासहरूको उदाहरण दिइएको छ :

वाक्यमा प्रयोग : तलका शब्दलाई वाक्यमा प्रयोग गर्नहोस् :

सूचित, उत्सुक, आभा, टन्टा, वाक्पटु, उत्फुल्ल, स्मृति, असीम, आच्छादित, दीप

(लक्ष्मीपूजा, पृष्ठ १११)

सिर्जना : तलका बुँदाहरू समेटेर छोटा कथा लेख्नुहोस् :

भारद्वाज ऋषिका छोरा यवक्रितलाई नपढी विद्या आर्जन गर्ने विचार आउनु.... नदी किनारमा गएर तपस्या गर्न थाल्नु .....

(जन्मभूमि, पृष्ठ ९)

सङ्क्षिप्त उत्तरात्मक

क) टोल छिमेकमा शोभाको किन प्रशंसा भयो ?

(प्रत्यागमन, पृष्ठ ६६)

लामो उत्तर :

१४ माउजङ बाबुसाहेबको कोट कथामा के कस्तो मनोविज्ञानको चित्रण गरिएको छ, विवेचना गर्नुहोस् ।

(माउजङ बाबुसाहेबको कोट, पृष्ठ १५९)

वस्तुगत : उपयुक्त शब्द छानी खाली ठाउँ भर्नुहोस् :

क)	हामी संयुक्त परिवारमा ..... । (बस्छु, बस्छौं, बस्छिन्)

ख)	रमिला दस कक्षामा ........ । (पढ्छन्, पढ्छु, पढ्छिन्)

ग)	तोयामा र खियामा नुवाचुङ डाँडामा तान ...... । (बुन्छिन्, बुन्थे, बुन्थ्यो)

(लक्ष्मीपूजा,  पृष्ठ ११३)


यसरी कथा दसको नेपाली पाठ्यपुस्तकको कथा विधाअन्तर्गतका अभ्यास खण्डअन्तर्गत प्राय : विषयगत र वस्तुगत दुवै प्रकारका प्रश्नलाई समावेश गरिएको देखिन्छ ।

**तालिका ५**

**कविता विधामा समावेश गरिएका प्रश्नहरू**

| क.सं. | प्रश्नको स्वरूप | वाक्यमा प्रयोग | सिर्जना | सङ्क्षिप्त | लामो | वस्तुगत | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | सन्तुष्टि | ७ | २ | १४ | ३ | ५ | ३१ |
| २ | वर्षा | – | १ | ३६ | ५ | ४ | ४६ |
| ३ | म सडक बोल्दै छु | ९ | १ | १९ | ४ | – | ३३ |
|  | जम्मा | १६ | ४ | ६९ | १२ | ९ | ११० |
|  | प्रतिशत | १४.५४ | ३.६४ | ६२.७२ | १०.९१ | ८.१८ | १०० |

उपर्युक्त तथ्याङ्कलाई निम्न अनुसार स्तम्भ चित्रमा देखाई व्याख्या तथा विश्लेषण गरिएको छ :




प्रस्तुत तालिकाअनुसार स्तम्भ चित्रमा समेत प्रश्नको स्वरूप र अवस्थितिलाई देखाइएको छ । कविता विधाअन्तर्गत जम्मा ३ वटा पाठहरू 'सन्तुष्टि', वर्षा र 'म सडक बोल्दै छु' समावेश गरिएको छ । यी ३ वटा पाठमा जम्मा १०० वटा प्रश्नहरूलाई तालिकामा स्थान दिइएको छ । यसबाहेक श्रुतिलेखन, शुद्ध उच्चारण, सस्वर वाचन, अनुलेखनलाई यहाँ समावेश गरिएको छैन । दिइएको तालिकाअनुसार कुनल ११० वटा प्रश्नलाई १०० प्रतिशत मानी अर्थात् १४.५४ प्रतिशत, सिर्जनात्मक उत्तरअन्तर्गत कुल ४ वटा प्रश्न अर्थात् ३.६४ प्रतिशत, सङ्क्षिप्त उत्तरात्मक प्रश्नअन्तर्गत जम्मा ६९ अर्थात् ६२. ७२ प्रतिशत, लामो उत्तर आउने प्रश्नअन्तर्गत जम्मा १२ अर्थात् १०.९१ प्रतिशत र वस्तुगत प्रश्नअन्तर्गत जम ९ वटा प्रश्न ८८.१८ प्रतिशत स्थान रहेको देखिन्छ ।

उपर्युक्त तालिका र स्तम्भचित्रको आधारमा कविता विधामा समावेश गरिएका प्रश्नहरू स्वरूपगत आधारमा समानुपातिक नै देखिन्छ । यहाँ ती प्रश्नहरूको उदाहरण (नमुना) अगाडि सारिएको छ :

वाक्यमा प्रयोग : तलका शब्दलाई वाक्यमा प्रयोग गरी भन्नुहोस् :

मस्त, सीमा, लाञ्छना, सुगन्ध, दुर्गन्ध, जनार्दन, मोचन (पृ. १२)

सिर्जना :

पाठमा दिइएको कविताका ढाँचा (अनुष्टुप् छन्द) मा आफूलाई मन पर्ने विषयमा पाँच श्लोकको कविता लेख्नुहोस् । (पृ. १४)

सङ्क्षिप्त उत्तरात्मक :

वर्षालाई किन सुखाको जलधिमा पौडिने समय भनिन्छ ? (पृ. ७६)

लामो उत्तर :

पाठमा दिइएको कविताको मूल आशय के हो, विवेचना गर्नुहोस् । (पृ. १३९)

वस्तुगत :

३ कविताको सातौँ श्लोक सुन्नुहोस् र ठिक बेठिक छुट्याउनुहोस् :

क) वर्षा हुनासाथ बनका सम्पूर्ण वृक्षहरूलाई कविले उठेर गीत गाउन आग्रह गरेका छन् ।

ख) अमृतरूपी पानीका धारा घैंटाको पानी जस्तै घटघट गरी बर्षन्छन् । ..... (पृ. ७३)

यसरी कक्षा १० को नेपाली पाठ्युपस्तकको कविता विधाअन्तर्गतका अभ्यासखण्डअन्तर्गत प्राय : विषयगत र वस्तुगत दुवै स्वरूपको प्रश्नहरू अभ्यासका रूपमा राखिएको (स्पष्ट हुन्छ) देखिन्छ ।

## ४.६ भाषातत्त्वसम्बन्धी अभ्यासको रूपरेखा

कुनै पनि भाषाको आफ्नै संरचना र व्यवस्था हुन्छ । भाषालाई शुद्ध प्रयोगका दृष्टिले नियमहरूको निरूपण गर्ने शास्त्र, शब्द तथा वाक्यसम्बन्धी नियम उदाहरण सङ्कलन गर्ने शास्त्रलाई नै व्याकरण भनिन्छ । विशुद्ध भाषिक ज्ञान प्राप्त गर्न तथा ध्वनि, वर्ण, अक्षर, शब्द, वाक्य तथा अनुच्छेद संरचनाबारे मार्ग निर्देशन गर्ने काम व्याकरणले गर्दछ । वाक्यतत्त्व, वर्णविन्यास, शब्दनिर्माण लगायत व्याकरण कोटिमा पर्ने लिङ्ग, वचन, पुरुष, काल (वाक्यतत्त्व), नाम सर्वनाम, विशेषण, क्रिया, अवयवजस्ता सबै पक्षको चिनारी भाषा विषयमा गरिन्छ । यस तहमा व्याकरण शिक्षण गर्नुको उद्देश्य बालबालिकालाई भाषाको शुद्ध प्रयोगप्रति सचेत गराउनु हो । अतः व्याकरणलाई नियमहरूमा केन्द्रित गरी परिभाषा र उदाहरणद्वारा पुष्ट्याई गर्ने परम्परालाई त्यागी विद्यार्थीहरूमा उदाहरण र प्रयोगका आधारमा सम्बद्ध पाठभित्रैबाट नियमको खोजी गर्ने उत्सुकता जगाइदिनु उपयुक्त हुन्छ । यसका

अतिरिक्त विद्यार्थीहरूकै आफ्नो भाषा प्रयोगमा अन्तर्निहित व्याकरणको व्यवस्था खोज्न लगाउन र त्यसमा परिष्कार ल्याउन व्याकरणात्मक सुझको उपयोग गर्नु आवश्यक हुन्छ । यस तहमा छुट्टै पाठ्यपुस्तकको आधारमा व्याकरण सिकाइ गर्नु बोझिलो हुने र उद्देश्यअनुकूल नहुने पनि मननीय छ । व्याकरणलाई रचनामुखी बनाउनुपर्दछ । कथा दसको नेपाली पाठ्यपुस्तकका कथा र कविता विधाका अभ्यास खण्डमा राखिएको भाषातत्त्वसम्बन्धी अभ्यासको रूपरेखा निम्न अनुसार देखिन्छ ।

**तालिका ६**

**कथा विधाको अभ्यास खण्डमा राखिएको भाषातत्त्वसम्बन्धी अभ्यासको रूपरेखा**

| क्र.सं. | शीर्षक | क्षेत्र र क्रम | प्रश्न | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | जन्मभूमि | धातु, निपात, विस्मयादिबोधक शब्दहरू | ७ | ७ | २८ |
| २ | प्रत्यागमन | क्रियाका पक्षहरू (अपूर्ण पक्ष) | ७ | ७ | २८ |
| ३ | लक्ष्मीपूजा | पद सङ्गति, भाव | ६ | ६ | २४ |
| ४ | माउजङ बाबुसाहेबको कोट | वाच्य, वर्णविन्यास | ५ | ५ | २० |
| | जम्मा | | २५ | २५ | १०० |
| | प्रतिशत | | १०० | १०० | १०० |


**तालिका नं. ७**

**कविता विधाको अभ्यास खण्डमा राखिएको भाषातत्त्वसम्बन्धी अभ्यासको स्थिति**


| क्र.सं. | शीर्षक | क्षेत्र र क्रम | प्रश्न | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | सन्तुष्टि | धातु, लेख्य चिह्न | ६ | ६ | ३५.३० |
| २ | वर्षा | शब्दनिर्माण (उपसर्ग, प्रत्यय) क्रियापद | ६ | ६ | ३५.३० |
| ३ | म सडक बोल्दै छु | वाक्य संश्लेषण, विश्लेषण, वर्ण विन्यास (ह्रस्व, दीर्घ) | ५ | ५ | २९.४१ |
| | जम्मा | | १७ | १७ | १०० |
| | प्रतिशत | | १०० | १०० | १०० |

माथिको तथ्याङ्कलाई यहाँ स्तम्भ चित्रमा देखाउँदा,

**कथा विधाका पाठमा प्रयुक्त भाषातत्त्व सम्बन्धी अभ्यास**




**कविता विधाका पाठमा प्रयुक्त भाषातत्त्वसम्बन्धी अभ्यास**




भाषातत्त्व एवम् व्याकरणसम्बन्धी अभ्यास प्रत्येक पाठहरूमा राखिएको देखिन्छ । जसमा प्रश्न सङ्ख्या अपेक्षित रूपमा कम देखिए पनि पाठ्यक्रमको निर्देशनअनुसार भाषा

पाठ्यपुस्तकमा अभ्यास समावेश गरिनु अत्यन्त सकरात्मक पक्ष हो । अतः कक्षा १० को नेपाली पाठ्यपुस्तकको कथा र कविता विधामा प्रयुक्त भाषातत्त्वसम्बन्धी अभ्यासको स्थिति सन्तोषजनक रहेको छ ।

## ४.७ बोध र अभिव्यक्ति पक्षको सन्तुलनका आधारमा अभ्यासको वितरण

भाषिक सिपगत वितरणका आधारमा हेर्दा सुनाइ र पढाइ सिपअन्तर्गतका प्रश्नहरूको बोध पक्षलाई जनाउँछन् भने बोलाइ र लेखाइले विद्यार्थीको अभिव्यक्ति पक्षलाई इङ्गित गर्दछ । यहाँ प्रत्येक कथा र कविता पाठमा रहेका प्रश्नहरू बोध र अभिव्यक्तिगत के-कस्ता छन् भनी तालिकाद्वारा प्रस्तुत गरिएको छ ।

**तालिका ८**

**कथा विधाका पाठका अभ्यासको स्थिति**


| क.सं. | प्रश्नको किसिम | बोधात्मक | अभिव्यक्तिगत | जम्मा |
|---|---|---|---|---|
| १ | जन्मभूमि | ७ | १० | १७ |
| २ | प्रत्यागमन | ९ | १२ | २१ |
| ३ | लक्ष्मी पूजा | ७ | १३ | २० |
| ४ | माउजङ बाबुसाहेबको कोट | ७ | ८ | १५ |
| | जम्मा | ३० | ४३ | ७३ |
| | प्रतिशत | ४१.१० | ५८.९० | १०० |


## तालिका नं. ९

## कविता विधाका पाठको अभ्यासको स्थिति

| क.सं. | प्रश्नको किसिम | बोधात्मक | अभिव्यक्तिगत | जम्मा |
|---|---|---|---|---|
| १ | सन्तुष्टि | ६ | ११ | १७ |
| २ | वर्षा | ९ | १० | १९ |
| ३ | म सडक बोल्दै छु | ५ | १४ | १९ |
| | जम्मा | २० | ३५ | ५५ |
| | प्रतिशत | ३६.३६ | ६३.६४ | १०० |

माथिका दुवै तालिकालाई स्तम्भ चित्रमा देखाउँदा






उपर्युक्त तालिका र स्तम्भचित्रहरूका आधारमा कक्षा दसको नेपाली पाठ्यपुस्तकको कथा र कविता विधाको अभ्यास खण्डअन्तर्गत राखिएका प्रश्नहरू बोधात्मक भन्दा अभिव्यक्ति पक्ष्का प्रश्नहरू तुलनात्मक रूपमा बढी देखिन्छन् । बोधअन्तर्गतका सुनाइ र पढाइ भन्दा अभिव्यक्ति पक्षका बोलाइ र लेखाइ सिपलाई बढी जोड दिइएको देखिन्छ । यहाँ सिपगत असन्तुलन रहेको कुरा माथिका तालिका तथा स्तम्भ चित्रबाट सजिलै बुझ्न सकिन्छ ।

## ४.८ भाषा पाठ्यक्रमअनुरूपताका आधारमा अभ्यासको अध्ययन

नेपाल सरकार, शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुरद्वारा प्रकाशित माध्यमिक शिक्षा पाठ्यक्रम २०७१ अनुरूप तयार पारिएको कक्षा दसको नेपाली पाठ्यपुस्तकको अभ्यास खण्डअन्तर्गत समावेश गरिएका प्रश्नहरू पाठ्यक्रमको उद्देश्यअनुरूप देखिन्छन् । विधाको क्षेत्र र क्रम अनुसार पाठ्यपुस्तक तयार पारी त्यसअन्तर्गत पाठ्यक्रमका उद्देश्य पूरा गर्न सघाउ पुऱ्याउने दृष्टिले भाषा पाठ्यपुस्तकका अभ्यासहरू निर्माण गरिएको छ । सुनाइ, बोलाइ, पढाइ र लेखाइ चारवटै सिपलाई विकसित पार्ने, बोध र अभिव्यक्तिलाई विकसित तुल्याउने, भाषातत्त्वसम्बन्धी आधार भूत ज्ञान र सचेतना जगाउने दृष्टिले प्रश्नहरू समावेश गरिउको छ । प्रयोगात्मक सिपलाई पनि महत्त्व दिँदै परियोजना कार्य समेत समावेश गरिएको देखिन्छ । व्याकरणलाई भाषा पाठ्यपुस्तकका

पाठका अभ्याससँगसँगै कार्यमूलक ढङ्गले शिक्षण गर्न मिल्ने गरी समावेश गरिएको छ भाषातत्त्वअन्तर्गत काल, पक्ष, भाव, वाच्य, करण, अकरण लिङ्ग, वचन, पुरुष, आदर, कारक, विभक्ति, वाक्य संश्लेषण, वाक्य विश्लेषण, वर्णविन्यास आदि अभ्यासहरू समावेश गरिएको छ । सिर्जनात्मक अभ्यासहरू पनि समावेश गरिएको देखिन्छ ।

समग्रमा भन्नुपर्दा माध्यमिक शिक्षा पाठ्यक्रम २०७१ अनुसार तयार पारिएको कक्षा दसको नेपाली पाठ्यपुस्तकको अभ्यास खण्डमा समावेश गरिएका प्रश्नहरू विद्यार्थीको रुचि, क्षमता, आवश्यकता र सिकाइ सक्षमता अनुरूप कथा र कविता विधाका अभ्यासहरूलाई व्यपस्थित गरिएको देखिन्छ । यद्यपि अभ्यासको सिद्धान्तअनुरूप दसका विदार्थीहरूलाई प्रशस्त प्रश्नहरू समावेश गर्नुपर्नेमा त्यस विषयमा प्रशस्त अभ्यासको अभाव देखिन्छ । तथापि पाठ्यक्रम अनुरूपताका दृष्टिले कक्षा दसको नेपाली पाठ्यपुस्तकको कथा र कविता विधामा समाविष्ट नमुना अभ्यास नेपाली भाषा पाठ्यक्रम अनुरूप उपयुक्त नै देखिन्छन् ।

# अध्याय पाँच

# सारांश, निष्कर्ष तथा उपयोगिता

## ५.१ सारांश

नेपाल सरकार, शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र, सानो ठिमी भक्तपुरद्वारा प्रकाशित माध्यमिक शिक्षा पाठ्यक्रम २०७१ अनुरूप तयार पारिएको कक्षा १० को पाठ्यपुस्तकको तथा र कविता विधाका अभ्यास खण्डको अध्ययन शीर्षकको प्रस्तुत शोधकार्य जम्माजम्मी पाँचवटा अध्यायमा विभाजित रहेको छ । पहिलो अध्यायअन्तर्गत शोध परिचय रहेको छ भने दोस्रो अध्यायअन्तर्गत पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक प्रारूप राखिएको छ । तेस्रो अध्यायअन्तर्गत शोधविधि तथा अध्ययन प्रक्रिया राखिएको छ । चौथो अध्यायअन्तर्गत व्याख्या र विश्लेषण प्रस्तुत गरिएको छ । पाँचौ अनुच्छेदमा सारांश, निष्कर्ष तथा उपयोगिता समावेश गरिएको छ ।

अध्याय एकअन्तर्गत शोध परिचय मुख्य शीर्षक रही अध्ययनको पृष्ठभूमि, समस्याकथन, शोधको उद्देश्य, शोधकार्यको औचित्य, शोधका सीमाङ्कन र शोधकार्यको रूपरेखा समावेश गरिएको छ । माध्यमिक शिक्षा पाठ्यक्रम कक्षा (९-१०), २०७१ लाई मूल आधार मानी सोही अनुरूप कक्षा दसको नेपाली पाठ्यपुस्तकका कथा र कविता विधामा प्रयुक्त नमुना अभ्यासको अध्ययन शीर्षकमा प्रस्तुत शोध गरिएको छ । कक्षा दसको नेपाली पाठ्यपुस्तकका कथा र कविता विधामा प्रयुक्त नमुना अभ्यास के-कस्ता छन् ? भाषिक सिपका दृष्टिले कथा र कविता विधामा प्रयुक्त अभ्यास कस्ता छन् ? कथा र कविता विधामा समाविष्ट अभ्यास पाठ्यक्रम अनुरूप छन् ? गरी तिनओटा समस्यामा आधारित प्रस्तुत शोधका तिनओटा उद्देश्य रहेका छन् । जसअन्तर्गत कक्षा दसको नेपाली पाठ्यपुस्तकमा कथा र कविता विधामा प्रयुक्त अभ्यासहरूको अध्ययन गर्नु; भाषिक सिपका दृष्टिले कथा र कविता विधामा प्रयुक्त अभ्यासको विश्लेषण गर्नु र उक्त, अभ्यास भाषा पाठ्यक्रमअनुरूपताका आधारमा अध्ययन गर्नु उद्देश्य रहेका छन् । प्रस्तुत अध्ययनअन्तर्गत 'जन्मभूमि', 'प्रत्यागमन', 'लक्ष्मीपूजा', 'माउजङ बाबुसाहेबको कोट', गरी जम्मा चारवटा कथा र 'सन्तुष्टि', 'वर्षा', र 'म सडक बोल्दै छु', गरी तिनओटा कविता पाठअन्तर्गतका अभ्यासहरूको अध्ययन गरिएको कुरा शोधको सीमाङ्कनअन्तर्गत उल्लेख गरिएको छ ।

पहिलो अध्याय नै शोधको औचित्य र महत्त्व तथा शोधको रूपरेखा पनि उल्लेख गरिएको छ ।

प्रस्तुत शोधको दोस्रो अध्यायअन्तर्गत पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक प्रारूप प्रस्तुत गरिएको छ । विभिन्न पूर्वकार्यहरूलाई शोधकार्यको पुनरावलोकनमा समेटिएको छ भने यस विषय शीर्षकअन्तर्गत रही हालसम्म कुनै शोधकार्य नभएकाले प्रस्तुत शोधकार्य गरिएको कुरा पुष्टि गरिएको छ । यस्तै सैद्धान्तिक प्रारूपअन्तर्गत भाषा पाठ्यक्रमको परिचय, पाठ्यपुस्तकको परिचय, भाषा पाठ्यपुस्तकको परिचय, भाषा पाठ्यपुस्तक निर्माण योजना, अभ्यासको परिचय, नमुना अभ्यासको परिचय, अभ्यासमा समावेश गरिने प्रश्नकै स्वरूप र तिनका आधार, पाठ्यपुस्तकमा अभ्यासको आवश्यकता र औचित्य आदि शीर्षक उपशीर्षकहरू समावेश गरिएको छ ।

प्रस्तुत शोधको तेस्रो अध्यायअन्तर्गत शोधविधि र अध्ययन प्रक्रियाबारे उल्लेख गरिएको छ । यसमा शोधविधि, अध्ययनको ढाँचा, जनसङ्ख्या र नमुना तथा अध्ययन क्षेत्र, सामग्री सङ्कलनका स्रोत, अध्ययन प्रक्रियालाई अगाडि सारिएको छ । पुस्तकालयीय अध्ययनलाई मुख्य विधि मानी प्राथमिक र द्वितीयक स्रोतबाट सामग्री सङ्कलन गरी वर्णनात्मक र विश्लेषणात्मक विधिद्वारा व्याख्या विश्लेषण गरिएको जानकारी प्रस्तुत अध्यायअन्तर्गत प्रष्ट पारिएको छ ।

प्रस्तुत शोधको चौथो अध्याय व्याख्या र विश्लेषणमा केन्द्रित छ । यस अध्यायअन्तर्गत शब्दभण्डारसम्बन्धी अभ्यासको अध्ययन, भाषिक सिपगत वितरणका आधारमा अभ्यासको अध्ययन, कथा र कविता विधामा समावेश गरिएका प्रश्नहरूको स्वरूपका आधारमा विश्लेषण, भाषातत्त्वसम्बन्धी अभ्यासको रूपरेखा, बोध र अभिव्यक्ति पक्षको सन्तलनका आधारमा अभ्यासको वितरण, भाषा पाठ्यक्रम अनुरूपताका आधारमा अभ्यासको अध्ययन शीर्षक उपशीर्षकअन्तर्गत रही अध्ययन विश्लेषण गरिएको छ । कक्षा दसको नेपाली पाठ्यपुस्तकको कथा र कविता विधाका शब्दभण्डारसम्बन्धी अभ्यासको स्थिति न्यून रहेको, पर्यायवाची र पारिभाषिक शब्दबाहेक विपरीतार्थी, श्रुतिसमभिन्नार्थी, अनुकरणात्मक, उखान-टुक्का जस्ता अत्यावश्यक शब्दहरू कथा र कविता विधाका अभ्यास खण्डमा समावेश नगरिएको कुरा उल्लेख गरिएको छ । उपर्युक्त विश्लेषणमा कथा र कविता विधाका पाठका अभ्यासअन्तर्गत सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपगत अभ्यास सन्तुलित

रहेको तथ्य अगाडि सारिएको छ । त्यस्तै कक्षा दशको नेपाली पाठ्यपुस्तकको कथा र कविता विधामा प्रयुक्त नमुना अभ्यासअन्तर्गत विषयगत र वस्तुगत दुवै स्वरूपका प्रश्नहरू अभ्यासका रूपमा राखिएको भए तापनि विषयगत प्रश्नको तुलनामा वस्तुगत प्रश्न कम रहेको देखिन्छ ।

प्रस्तुत शोधको चौथो अध्यायअन्तर्गत नै भाषातत्त्वसम्बन्धी अभ्यासको अध्ययन गरिएको छ । भाषातत्त्वअन्तर्गत कथा र कविता विधाका पाठहरूमा धातु, शब्दवर्ग (निपात, विस्मयादि बोधक/क्रियाका पक्षहरू, पद सङ्गति, भाव, वाच्य, वर्णविन्यास, शब्दनिर्माण, वाक्यसंश्लेषण र विश्लेषण आदि समावेश गरिएको देखिन्छ । कथा दसको नेपाली पाठ्यपुस्तकको कथा कविता विधामा प्रयुक्त अभ्यासअन्तर्गत समाविष्ट भाषातत्त्वसम्बन्धी अभ्यासको स्थिति सन्तोषजनक रहेको कुरा उल्लेख गरिएको छ । बोध र अभिव्यक्तिगत आधारमा भने बोधभन्दा अभिव्यक्ति पक्षलाई बढी जोड दिइएको तथ्य अगाडि सारिएको छ । प्रस्तुत कथा दसको नेपाली पाठ्यपुस्तकको कथा र कविता विधामा प्रयुक्त अभ्यासको अध्ययनबाट प्रस्तुत अभ्यास नेपाली शिक्षा पाठ्यक्रम कक्षा १० अनुरूप रहेको देखिन्छ ।

प्रस्तुत शोधको पाँचौं अध्यायअन्तर्गत सारांश निष्कर्ष र उपयोगिता शीर्षकअन्तर्गत अध्ययन गरिएको छ । यस अध्यायमा शोधका अध्यायगत सारांश शोको निष्कर्ष र प्रस्तुत शोधका उपयोगितालाई समावेश गरिएको छ । यसरी प्रस्तुत कक्षा दसको नेपाली पाठ्यपुस्तकको कथा र कविता विधामा प्रयुक्त नमुना अभ्यासको अध्ययन' शोधकार्य व्यवस्थित गरिएको छ ।

## ५.२ निष्कर्ष

कक्षा दसको नेपाली पाठ्यपुस्तक वर्तमान समय सन्दर्भअनुरूप परिवर्तित र परिमार्जित गरिएको छ । यसमा नेपाली भाषाका माध्यमबाट भाषिक सिप हासिल गर्नका निम्ति विविध विधालाई विषयवस्तुको आधार बनाइएको छ । जसअन्तर्गत कथा र कविता विधालाई महत्त्वपूर्ण स्थान दिएको छ । कथा विधाअन्तर्गत जम्मा चारओटा पाठ र कविता विधाअन्तर्गत जम्मा तिनओटा पाठ गरी जमम सातवटा पाठअन्तर्गतका अभ्यासको अध्ययन गर्दा पाठ्यक्रमले निर्देश गरे अनुसार कक्षा दसको नेपाली पाठ्यपुस्तकमा कथा र कविता विधाको अभ्यास खण्डमा पन शब्दभण्डारसम्बन्धी अभ्यासलाई समावेश गरिएको छ । यसअन्तर्गत पारिभाषिक र पर्यायवाची शब्दबाहेक विपरीतार्थी, श्रुतिसम्मभिन्नार्थी, अनेकार्थी,

अनुकरणात्मक शब्दलाई उखान-टुक्कालाई कथा र कविता विधाका पाठअन्तर्गतका अभयासमा समावेश गरेको पाइदैन । अत शब्दभण्डारसम्बन्धी अभ्यास कम मात्रामा समावेश गरिएको देखिन्छ ।

भाषिक सिपगत वितरणलाई भाषा पाठ्यपुस्तकको महत्त्वपूर्ण पक्ष मानिन्छ । कक्षा दसको नेपाली पाठ्यपुस्तकको कथा र कविता विधाका अभ्यास खण्डमा प्रयुक्त प्रश्नहरूको अवस्थिति हेर्दा भाषाका सुनाइ, बोलाइ, पढाइ र लेखाइ चारवटै सिपसँग सम्बन्धित प्रश्नहरू समावेश गरिएको देखिन्छ । भाषिक सिपगत वितरणका आधारमा कथा विधामा सुनाइ सिपअन्तर्गत १७.८० प्रतिशत, बोलाइ सिपअन्तर्गत २१.९१ प्रतिशत, पढाइ सिपअन्तर्गत २३.२९ प्रतिशत र लेखाइ सिपअन्तर्गत ३६.९८ प्रतिशत प्रश्नहरू समावेश गरिएको देखिन्छ । कविता विधाअन्तर्गत सुनाइ सिपसँग सम्बन्धित १८.१८ प्रतिशत, बोलाइ २१.८१ प्रतिशत, पढाइ १८.१८ प्रतिशत र लेखाइ ४१.८१ प्रतिशत प्रश्न समविष्ट देखिन्छन् । यसरी सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपका प्रश्नलाई समावेश गरिएको हुनाले सिपगत सन्तुलन उपयुक्त नै मान्नु पर्ने देखिन्छ ।

कक्षा दसको नेपाली पाठ्यपुस्तकको कथा र कविता विधामा प्रयुक्त प्रश्नको अध्ययन गर्दा कथा र कविता विधामा समावेश गरिएका प्रश्नहरूको प्रकृति र स्वरूपलाई केलाउँदा विषयगत र वस्तुगत दुवै प्रकृतिका प्रश्नहरू समावेश गरिएको देखिन्छ । विषयतग प्रश्नअन्तर्गत विवेचनात्मक, सङ्क्षिप्त उत्तरात्मक आदि प्रश्न छन् भने वस्तुगत प्रश्नअन्तर्गत खाली ठाउँ भर्ने, जोडा मिलाउने, ठिक बेठिक छुट्याउने र बहुवैकल्पिक प्रश्न रहेका छन् । कक्षा दसको नेपाली पाठ्यपुस्तकको कथा र कविता विधामा सबै प्रकारका प्रश्नहरू समावेश गर्नु उपयुक्त भए तापनि वस्तुगत प्रश्नको सङ्ख्या कम हुन र सबै पाठमा उपर्युक्त प्रश्नहरू समावेश नगरिएको देखिन्छ ।

कुनै पनि भाषाको आफ्नै नियम, संरचना र व्यवस्था हुन्छ । भाषालाई प्रयोगका दृष्टिले नियमहरूको निरूपण गर्ने शास्त्र, शब्द तथा वाक्यसम्बन्धी नियम, उदाहरण सङ्कलन गर्ने शास्त्रीलाई व्याकरण भनिन्छ । कक्षा दसको नेपाली पाठ्यपुस्तकको अभ्यास खण्डमा समावेश गरिएका भाषातत्त्वसम्बन्धी अभ्यास केलाउँदा प्रत्येक पाठअन्तर्गत 'व्याकरण' शीर्षकअन्तर्गत प्रश्नहरू समावेश गरिएको छ । जसमा प्रश्नसङ्ख्या भने अपेक्षित

रूपमा कम देखिन्छ भने अझै पाठगत आधारमा व्याकरणलाई कार्यमूलक बनाउन प्रश्नहरू थप गर्नुपर्ने देखिन्छ ।

बोध र अभिव्यक्तिगत पक्षको सन्तुलनका आधारमा कक्षा दसको नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका प्रश्नहरू बोध प्रश्नहरू कम र अभिव्यक्तिमूलक प्रश्नहरू बढी देखिन्छन् । यद्यापि दुवै प्रकृतिका प्रश्नहरू भने समावेश गरिएको छ ।

पाठ्यक्रमको विधाको क्षेत्र र क्रमका आधारमा प्रस्तुत 'कक्षा दसको नेपाली पाठ्यपुस्तकको कथा र कविता विधामा प्रयुक्त अभ्यासको अध्ययन' गर्दा पाठ्यक्रमअनुरूप अभ्यासहरू समावेश गरिएको देखिन्छ । विद्यार्थीको रुचि, क्षमता, आवश्यकतालाई मध्यनजर गरी अभ्यासलाई समयसापेक्ष बनाउने प्रयास गरिएको देखिन्छ । यहाँ प्रस्तुत अध्ययनाट प्राप्त निष्कर्षलाई बुँदागत रूपमा निम्नानुसार व्यवस्थित गरिएको छ :

- सुनाइ, बोलाइ, पढाइ र लेखाइ भाषाका चारवटै सिपसँग सम्बन्धित प्रश्नहरू समावेश गरिएको पाइन्छ ।
- विषयगत र वस्तुगत दुवै प्रकृतिका प्रश्नहरू समावेश गरिएको छ ।
- शब्दभण्डारसम्बन्धी अभ्यासलाई समावेश गरिएको छ ।
- भाषातत्त्वसम्बन्धी अभ्यासलाई प्रत्येक पाठअन्तर्गत समावेश गरिएको छ ।
- 'क्लोज' र 'सी' परीक्षणलाई समावेश गरिएको पाइँदैन ।
- प्रश्नमा श्रुतिलेखन, छलफल, अनुलेखन तथा विवेचनात्मक प्रश्न समावेश गरिएको छ ।
- सङ्क्षिप्त उत्तरात्मक प्रश्नमा अधिक जोड दिइएको पाइन्छ ।
- व्याकरणिक अभ्यासमा उपयुक्त शीर्षक राखिनु आवश्यक देखिन्छ ।
- वाक्यमा प्रयोग, शुद्ध लेखन, शब्दार्थ लेखन अभ्यास समावेश गरिएको देखिन्छ ।
- पाठ्यक्रमले पठित शब्दहरूको सन्दर्भपूर्ण प्रयोग गर्न लगाउने उद्देश्य राखेको हुँदा पाठबाट कठिन शब्दको अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न दिइएको सबल पक्ष रहेको छ ।
- पाठ्यक्रमले पाठका विशिष्ट अंशहरूको भाव विस्तार गर्ने निर्देशन दिएअनुसार यस्ता प्रश्नहरू पाठ्यपुस्तकको अभ्यासमा समेट्नु राम्रो पक्षका रूपमा रहेको छ ।

- शब्दभण्डारगत आधारमा सबै शब्दका किसिमलाई पाठ्यपुस्तकमा स्थान दिइनुपर्नेमा कथा र कविता विधामा अधिकांश पाठहरूमा त्यो नहुनु कमजोर पक्षका रूपमा देखिन्छ ।
- सङ्ख्यात्मक दृष्टिकोणले भाषिक सिपका आधारमा अभ्यासलाई हेर्दा बोधात्मक अभ्यास भन्दा अभिव्यक्तिगत अभ्यासको बाहुल्यता देखिन्छ ।
- भाषाका चारै सिपलाई समानुपातिक र एकीकृत रूपले अभ्यासमा समावेश गरिनुपर्ने देखिन्छ ।
- व्याकरण अभ्यास खण्डमा सिधै प्रश्न नदिई शब्दवर्ग, काल, पक्ष, भाव आदि शीर्षक उपशीर्षकहरू राखी उचित निर्देशन समेत राख्नुपर्ने देखिन्छ ।
- सुनाइ, बोलाइ, पढाइ, लेखाइअन्तर्गतका अभ्यासहरू तुलनात्मक रुपमा बढी देखिन्छन् । जसले गर्दा निर्धारित समयमा पाठ्यपुस्तक पढाएर सक्न गाह्रो पर्ने देखिन्छ ।
- लेखक परिचय समावेश गरिनु उपयुक्त देखिन्छ ।

## ५.३ उपयोगिता

प्रस्तुत शोधकार्य वर्तमान परिमार्जित पाठ्यक्रम 'माध्यमिक शिक्षा पाठ्यक्रम २०७१' अनुसार परिवर्तित पाठ्यपुस्तक 'कक्ष दशको नेपाली पाठ्यपुस्तकको 'कथा र कविता विधामा प्रयुक्त नमुना अभ्यासको अध्ययन' शीर्षकमा गरिएको छ । विद्यार्थीको रुचि, क्षमता र आवश्यकतामा आधारित अभ्यास छन् कि छैनन् ? सिपगत वितरण के कस्तो छ ? पाठ्त्रयक्रम अनुरूप अभ्यास समावेश छ कि छैन भन्ने मूल प्रश्नमा आधारित रही यो अध्ययन तयार पारिएको छ । प्रस्तुत 'कक्षा दसको नेपाली पाठ्यपुस्तकको कथा र कविता विधामा प्रयुक्त नमुना अभ्यासको अध्ययन' नामक शोधकार्यका उपयोगितालाई नीतिगत र प्रयोगगत गरी समेट्न सकिन्छ; जस्तै :

### ५.३.१ नीतिगत उपयोगिता

- प्रस्तुत अध्ययन पाठ्यक्रम निर्माताका लागि उपयोगी हुने छ ।
- पाठ्यपुस्तक निर्माण कर्ताका लागि यो अध्ययन सहयोगी छ ।
- शिक्षकका लागि योजना निर्माण गरी शिक्षणलाई सहयोग पुऱ्याउन उपयोगी छ ।

- अध्ययन अनुसन्धानकर्ताका लागि प्रस्तुत अध्ययन उपयोगी ठहर्ने छ ।
- पाठयक्रम सुधार तथा परिमार्जनका लागि यसले महत्त्वपूर्ण सुझाव प्रदान गर्ने छ ।
- पाठ्यपुस्तक परिमार्जनका लागि आवश्यक अवधारणा निर्माण गर्न सहयोग पुऱ्याउने छ ।

### ५.३.२ **प्रयोगगत उपयोगिता**

- शिक्षकका लागि शिक्षण कार्यमा सहयोग पुऱ्याउने छ ।
- विद्यार्थीहरूका लागि आवश्यक सुझ प्राप्त गर्न उपयोगी हुने छ ।
- शोधकर्ताहरूका लागि शोधकार्यका उपयोगी हुने छ ।
- अध्येताहरूका लागि उपयोगी हुने छ ।
- अभिभावक, बृद्धिजीवी, समाजसेवी, शिक्षा प्रेमीहरूका लागि उपयोगी हुने छ ।
- प्रश्न निर्माण कर्ता, पाठ्यपुस्तक लेखक, समालोचकका लागि प्रस्तुत अध्ययन उपयोगी हुनेछ ।

# सन्दर्भ सूची


अधिकारी, हेमाङ्गराज (२०५९), *नेपाली भाषा शिक्षण : केही परिप्रेक्ष्य तथा पद्धति, काठमाडौँ* : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज र बद्रीविशाल भट्टराई (२०६८) *प्रयोगात्मक नेपाली शब्दकोश,* काठमाडौँ : विद्यार्थी प्रकाशन प्रा.लि.।

अधिकारी, हेमाङ्गराज र शर्मा, केदारप्रसाद (२०६६), *प्रारम्भिक नेपाली शिक्षण,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, प्रमोद (२०६७), 'कक्षा दसको नेपाली किताबमा समाविष्ट नमुना अभ्यासहरूको अध्ययन', *शिक्षा स्नातकोत्तर शोधपत्र,* नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

कँडेल, रूपा (२०७०), 'कक्षा चार र पाँचका नेपाली पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासको तुलनात्मक अध्ययन', *शिक्षा स्नातकोत्तर शोधपत्र,* नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

कोइराला, यमुना (२०६९), 'कक्षा पाँचको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासहरूको अध्ययन', *शिक्षा स्नातकोत्तर शोधपत्र,* नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

गौतम, विष्णुकुमारी (२०६९), 'कक्षा आठ र नौको नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका नमुना अभ्यासहरूको तुलनात्मक अध्ययन', *शिक्षा स्नातकोत्तर शोधपत्र,* नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

ज्ञवाली, इन्दिरा (२०६९), 'कक्षा पाँचको मेरो नेपाली पाठ्पुस्तकमा प्रयुक्त नमुना अभ्यास खण्डको अध्ययन', *शिक्षा स्नातकोत्तर शोधपत्र,* नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

दाहाल, मोहनकुमार (२०५४), 'निम्नमाध्यमिक तहका नेपाली भाषा पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यास : एक अध्ययन', *शिक्षा स्नातकोत्तर शोधपत्र,* नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

पाठ्यक्रम विकास केन्द्र (२०७२), *नेपाली शिक्षा पाठ्यक्रम,* भक्तपुर : पाविके ।

पाठ्यक्रम विकास केन्द्र (२०७४), *नेपाली कक्षा दस,* भक्तपुर : पाविके ।

पौडेल, माधवप्रसाद (२०६९), *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयामहरू,* काठमाडौँ : हेरिटेज पब्लिकेसन प्रा.लि. ।

भट्ट, गङ्गादत्त (२०६८), 'कक्षा एघारको सबैको नेपाली किताबमा रहेको व्याकरणात्मक अभ्यासहरूको अध्ययन', *शिक्षा स्नातकोत्तर शोधपत्र,* नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

भट्टराई, रामप्रसाद (२०६८), *भाषिक अनुसन्धान विधि,* काठमाडौँ : शुभकामना प्रकाशन ।

भण्डारी, पारसमणि र अन्य (२०६८), *भाषिक अनुसन्धान विधि,* काठमाडौँ : पिनाकल पब्लिकेसन प्रा.लि. ।

भण्डारी, पारसमणि र अन्य (२०६८), *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

भाट, गङ्गा (२०६८), 'उच्च मा.वि. तहको नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासहरूको अध्ययन', कञ्चनपुर : सिद्धार्थ बहुमुखी क्याम्पसमा प्रस्तुत स्नातकोत्तर शोधपत्र ।

लम्साल, रामचन्द्र र अन्य (२०६६), *भाषा पाठ्यक्रम तथा शिक्षण पद्धति,* काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

शर्मा, केदारप्रसाद र माधवप्रसाद पौडेल (२०६८), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइँटेल (२०६८), *शोधविधि,* काठमाडौँ : साझा प्रकाशन ।

## परिशिष्ट

## कक्षागत सिकाइ उपलब्धि (कक्षा १०)

**सुनाइ र बोलाइ सिप**

१. शब्द र वाक्यहरूमा प्रयुक्त स्वर र व्यञ्जन वर्णहरू पहिल्याउन र सोही अनुरूप उच्चारण गर्न

२. मातृभाषा र विभिन्न भाषा भाषीको सन्दर्भलाई समेत ख्याल गरी उपयुक्त उच्चारण गर्न

३. गति र लय ख्याल गरी शब्दहरूको शुद्ध र स्पष्ट उच्चारण गर्न र वाक्यमा प्रयोग गर्न

४. मौखिक अभिव्यक्तिमा व्यक्त भएका मुख्य विचारहरू पहिचान गर्ने गरी सुन्न

५. साहित्यिक विधा, सञ्चार माध्यम, विभिन्न पाठ र विषयहरू सुनेर प्रतिक्रिया व्यक्त गर्न

६. साहित्यका विधा, पाठ तथा अन्य प्रस्तुति सुनी मौखिक प्रतिक्रिया व्यक्त गर्न

७. साहित्यिक विधाका पाठ सुनी प्रश्नोत्तर गर्न र विचार निर्मा ण गरी व्यक्त गर्न

८. वक्तृता, संवाद, छलफल जस्ता अभिव्यक्ति सुन्न, तिनमा भाग लिन र त्यहाँ प्रस्तुत भएका विचारहरू पहिचान गर्न

९. देखे सुनेका, अनुभव गरेका वा पढेका वस्तु, वातावरण तथा घटनाका विषयमा सिलसिला मिलाई मौखिक वर्णन गर्न

१०. श्रोताहरूको अवस्था, प्रस्तुतिको योजना तथा परिवेशअनुसार विचार प्रस्तुत गर्न ११. गति, यति, लय, हाउभाउ, अभिनय तथा बोलाइ पाठको अभिप्रायको ख्याल गरी सन्दर्भ मिलाएर मौखिक अभिव्यक्ति गर्न

१२. समूह छलफल, प्रस्तुति, मौखिक सचूना, ताकिर्कता आदिको ख्याल गरी विचार प्रदर्शन गर्न

१३. मौखिक पाठ तथा प्रस्तुति सुनी आफ्नै शब्दमा मुख्य मुख्य कुरा भन्न

१४. आफूले भन्न चाहेका कुरालाई समाज, समुदाय, सभा सम्मेलनमा औपचारिकता सहित शिष्टतापूर्वक भन्न

१५. कुनै पाठ सुनी त्यसको मूल विषयका बारेमा अनुमान गर्न

१६. सामाजिक सन्दर्भ, प्रसङ्ग, वक्ताको अवस्था, अभिवृद्धिध र संवेग तथा भाषाको सम्प्रेषणात्मक प्रकार्यका आधारमा अर्थबोध गर्न सक्ने गरी प्रतिक्रिया दिन

१७. प्रसङ्ग, सन्दर्भअनुसार उखान टुक्काको प्रयोग गर्न

**पढाइ सिप**

१. लिखित सामग्रीलाई गति, यति र लय मिलाई शुद्ध र स्पष्टसँग सस्वर वाचन गर्न

२. निश्चित समय तोकी लिखित सामग्रीको पठनमा सन्दर्भ र भावअनुसार गति मिलाई पढ्न

३. लिखित सामग्रीको मौन पठनमा पढाइको गति विकास गर्ने गरी छिटो छिटो पढ्न

४. साहित्यिक विधा, पाठ तथा तिनका विशिष्ट अंश पहिचान गरी व्याख्या र सप्रसङ्ग व्याख्या गर्न सक्ने गरी पढ्न

५. पाठको संरचना, उद्देश्य, सूचना तथा अनुमानित अभिप्रायको बोध गर्न सक्ने गरी पढ्न

६. विभिन्न प्रकारका भाषिक पाठहरूको उद्देश्य पहिचान गर्ने गरी पढ्न

७. पाठमा प्रयुक्त भाषाको प्राज्ञिक, प्राविधिक र तार्किक पक्षको पहिचान गरी पढ्न

८. प्रयोजनअनुसार प्रस्तुत भएका पाठ पढी शब्द भण्डार वृद्धि गर्न

९. लिखित सामग्रीको प्रयोजन ख्याल गरी पढ्न र ती सामग्रीको प्रयोजन सन्दर्भ पहिचान गर्न सक्ने गरी पढ्न

१०. हिज्जे (वर्ण विन्यास) र लेख्य चिह्नका सङ्केतका आधारमा शुद्धसँग पढ्न

११. साहित्यिक विधाका पाठमा व्यक्त भएका सामाजिक सांस्कृतिक सन्दर्भका बारेमा प्रतिक्रिया दिन सक्ने गरी पढ्न

१२. पूर्वानुमान, निष्कर्ष, सारांश, संश्लेषण, प्रयोजन व्यक्त गर्न सक्ने गरी पाठहरू पढ्न

१३.	भाषाका पाठमा प्रस्तुत संरचनाका आधारमा मुख्य घटनालाई क्रम मिलाई अभिव्यक्त गर्न सक्ने गरी पढ्न

१४.	पाठमा प्रयुक्त विशिष्ट प्रकारका गणितीय, सङ्ख्यापरक तथा तिथिमिति युक्त सूचना पत्ता लगाई तिनको तालिकीकरण गर्न सक्ने गरी पढ्न

१५.	आलोचनात्मक सोचको निर्माण गर्ने गरी विभिन्न प्रकारका लिखित सामग्री पढ्न

**लेखाइ सिप**

१.	वर्णविन्यास (हिज्जे) र लेख्य चिह्नहरू मिलाई सफा, शुद्ध र स्पष्टसँग लेख्न

२.	विभिन्न प्रकारका सूचना सङ्कलन गरी तिनको संश्लेषण गरी लेख्न

३.	लेखिएका सामग्रीको सम्पादन र परिष्कार तथा पुनः सम्पादन र पुनः परिष्कार गरी लेख्न

४.	कुनैपनि विषय शीषर्कमा अर्थपूर्ण, कमबद्ध तथा प्रभावकारी रूपमा अनुच्छेद रचना गर्न

५.	आफूले देखे सुनेका, अनुभव गरेका घटना र पढेका विषय वस्तुका बारेमा सिलसिला मिलाएर लिखित वर्णन गर्न

६.	उद्देश्यमूलक सूचना र विषयवस्तुका बारेमा प्रतिक्रिया व्यक्त गर्न, अभिलेख राख्न, वर्णन गर्न, विश्लेषण गर्न

७.	पढेका विषयका मुख्य मुख्य बुँदा टिपोट गर्न र सारांश लेख्न

८.	साहित्यिक विधा र पाठहरूको विश्लेषण गर्न र विशिष्ट अंशहरूको व्याख्या र सप्रसङ्ग व्याख्या गर्न

९.	दैनिक व्यवहारमा उपयोगी हुने निवेदन, निमन्त्रणा र शुभकामना पत्रहरूको रचना गर्न

१०.	उपयुक्त शैली र ढाँचामा संवाद र वाद विवाद लेख्न

११.	विभिन्न प्रयोजनपरक क्षेत्रका शब्द तथा प्रचलित उखान टुक्काहरूको सन्दर्भअनुसार अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर्न

१२. लिखित अभिव्यक्तिका क्रममा व्याकरणका आधारभूत नियम पालना गरी लेख्न

१३. विभिन्न विधा तथा भाषिक पाठमा आधारित भई लिखित रूपमा स्वतन्त्र, मौलिक र सिर्जनात्मक अभिव्यक्ति प्रकट गर्न

१४. विभिन्न विषयमा विवरणात्मक, वर्णनात्मक, तार्किक, विश्लेषणात्मक अभिव्यक्ति प्रस्तुत गर्न

१५ . कुनै निश्चित विषयमा आलोचनात्मक सोच निर्माण गरी लेख्न ।